ehetaudasandesh.com

हेटौंडा

# सन्देश

राष्ट्रिय दैनिक

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

२५औं वर्ष

वर्षः २५ ॥ अंकः ३१५ ॥ बुधबार २३ बैशाख २०८३ ॥ चतुर्थी ॥ ने.सं. ११४६ ॥ बछलाथ्व ॥ Wednesday 6 May 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-


## 'अब ३ जनाले नै निर्णय



सन्देश संवाददाता

काठमाडौं/राष्ट्रपति रामचन्द्र पौडेलले संवैधानिक परिषद्सम्बन्धि अध्यादेश जारी गरेका छन् । यसअघि राष्ट्रपतिले उक्त अध्यादेश पुनर्विचारका लागि भन्दै फिर्ता पठाएका थिए। यसअघि सरकारले सिफारिस गरेका आठ अध्यादेशहरु राष्ट्रपतिले जारी गरिसकेका छन् । सरकारले सोमबार दोस्रो पटक उक्त अध्यादेश जारी गर्नका लागि राष्ट्रपतिलाई पठाएको थियो ।

अध्यादेशमा ६ सदस्यीय संवैधानिक परिषद्मा ३ जनाले नै निर्णय गर्नसक्ने प्रावधान राखिएको छ । संवैधानिक परिषद्का ३ सदस्यबाट नै निर्णय हुनसक्ने अवस्था सिर्जना गर्ने भन्दै यसको आलोचना भइरहेको छ। सरकारले पठाएका ८ वटै अध्यादेश राष्ट्रपतिले जारी गरेका छन्। अब जारी भएका अध्यादेश संघीय संसद्मा पेश हुनेछ ।

### बागमतीमा १४ बाट ६ मन्त्रालय घट्यो

## मुख्यमन्त्री कार्यालयसहित मन्त्रालय संख्या ८ रहने



सनिता विष्ट

हेटौडा/बागमती प्रदेशमा मन्त्रालयको संख्या घटाउने निर्णय गरिएको छ । मंगलबार (हिजो) बसेको मन्त्रीपरिषद्को बैठकले १४ मन्त्रालयबाट ६ वटा मन्त्रालय घटाएर मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय सहित ८ वटा मन्त्रालय रहने गरी मन्त्रालय घटाइने निर्णय गरिएको हो । बामगती प्रदेशका प्रवक्ता प्रभात तामाङका अनुसार मुख्यमन्त्री कार्यालय सहित ८ मन्त्रालय रहने गरी मन्त्रीपरिषद्को बैठकले निर्णय गरेको हो । उनका अनुसार अब मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, आन्तरिक मामिला, कानुन तथा सहकारी मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय, खानेपानी, उर्जा तथा सिचाईं मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, कृषि पशुपन्छी, वन तथा वातावरण मन्त्रालय, स्वास्थ्य तथा सामाजिक विकास मन्त्रालय, उद्योग पर्यटन, श्रम तथा यातायात मन्त्रालय रहने गरी प्रस्ताव गरिएको हो ।

प्रशासनीक खर्च कटौती गर्ने लक्ष्य अनुसार बागमतीका ८ वटा मात्रै मन्त्रालय रहने गरी मन्त्रालयले प्रस्ताव गर्ने निर्णय गरेको हो । यस मन्त्रालयहरु मातहतका करिब ५० वटा कार्यालयहरु समेत कटौती गर्ने लक्ष्य रहेको प्रवक्ता तामाङले बताए । हाल मन्त्रालय मातहतका मौजुदा कार्यालयहरु १९८ वटा रहेकोमा १४८ वटा मात्रै राख्ने प्रस्ताव भएको उनको भनाइ छ । मन्त्रालय समायोन र कार्यालय कटौतीले प्रदेश सरकारको चालु तर्फको खर्च कम गर्ने प्रदेशका आर्थिक मामिला तथा योजना मन्त्री समेत रहेका तामाङले बताए । जनताको करबाट चल्ने सरकारको तामझाम गर्न प्रशासनिक खर्च कटौतीमा प्रदेश सरकार जुटेको उनको भनाइ छ ।

बागमतीको प्रशासनिक खर्च कटौती गर्ने लक्ष्य सहित मुख्यमन्त्री बानियाँ नेतृत्वको क्याविनेट बैठकले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्री मधुसुदन पौडेलको नेतृत्वमा उच्चस्तरीय प्रदेश प्रशासनिक पुनर्संरचना निर्देशक समिति गठन गरेको थियो । ३ महिनासम्म यो समितिले अध्ययन गरेको थियो । थप ३ महिनाको समयसीमा तोकेर समितिका संयोजक तथा नेपाल सरकारका पूर्वसचिव विमल वाग्लेलको नेतृत्वमा पूर्व सचिव र सचिवहरु राखेर अर्को उपसमिति गठन गरिएको थियो । मंसिर पहिलो साताबाट अध्ययन गरिरहेको उक्त समितिले बागमतीको ६ मन्त्रालय र ७०१ जना कर्मचारी दरबन्दी कटौती गर्न सुझाव सहितको प्रतिवेदन पेश गरेको थियो ।

सोही प्रतिवेदनको आधारमा प्रदेशको ६ मन्त्रालय र मातहतको कार्यालय तथा कर्मचारी कटौती गर्न लागिएको हो । यो निर्णय साउन १ गतेबाट कार्यान्वयनमा आउने बताइएको छ । २०८२ साउनमा नियुक्त भएका बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले प्रशासनिक खर्च कटौती गर्ने पहिलो गीएको थियो ।

## राति वीपी राजमार्ग पूर्ण बन्द



सन्देश संवाददाता

हेटौंडा/वीपी राजमार्गमा रातको समयमा सवारी चलाउन पूर्ण रोक लगाइएको छ। प्रिमनसुन सक्रिय भएसँगै मौसममा देखिएको अस्थिरता र सम्भावित विपद् जोखिमलाई ध्यानमा राख्दै जिल्ला प्रशासन कार्यालय सिन्धुलीले वीपी राजमार्गमा रातमा समयमा सवारी सञ्चालनमा रोक लगाउने निर्णय गरेको हो ।

जिल्ला सुरक्षा समिति सिन्धुलीको सोमबार बसेको बैठकले राजमार्गको संवेदनशील खण्डमा राति सवारी आवागमन पूर्णरुपमा बन्द गर्ने निर्णय गरेको जिल्ला प्रशासन कार्यालय सिन्धुलीका प्रशासकीय अधिकृत प्रवीण कटुवालले जानकारी दिए । मंगलबार सूचना जारी गर्दै उनले वीपी राजमार्गको खुर्कोट-नेपालथोक-कटुञ्जेबेशी खण्डमा चल्ने सबै प्रकारका सवारीलाई साँझ ५ बजेदेखि विहान ५ बजेसम्मका लागि रोक लगाइएको जानकारी गराएका छन्। उक्त व्यवस्था अर्को सूचना जारी नभएसम्म कायम रहनेछ ।

विशेषगरि वीपी राजमार्ग अन्तर्गत पर्ने सिन्धुली र काभ्रेपलाञ्चोक खण्डका विभिन्न स्थानमा रोशी खोलामा आउने बाढीले पटकपटक सडक अवरुद्ध हुने गरेको भन्दै यस्ता जोखिमलाई मध्यनजर गर्दै यात्रु तथा सवारीसाधनको सुरक्षाका लागि राति सवारी सञ्चालन रोक्ने निर्णय गरिएको कटुवालले बताए । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको निर्देशन तथा सिन्धुली र काभ्रेपलाञ्चोकका प्रमुख जिल्ला अधिकारीबीच भएको समन्वयात्मक छलफलका आधारमा उक्त निर्णय लिइएको जनाइएको छ। प्रशासनले मौसमको अवस्था, वर्षा र खोलामा आउने बाढीको सम्भावनालाई ध्यानमा राख्दै आवश्यक परे जुनसुकै समयमा पनि छोटो अवधिका लागि सवारी आवागमनमा थप प्रतिबन्ध लगाउन सकिने स्पष्ट पारेको छ ।

जिल्ला प्रशासन कार्यालयले विशेषगरि नेपालथोक-कटुञ्जेबेसी खण्ड भएर यात्रा गर्नेयात्रुतथा सवारीचालकलाई सतर्कता अपनाउन आग्रह गरेको छ। यात्राअघि सडकको वास्तविक अवस्था बुझ्न जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा सम्पर्क गर्न अनुरोध गरिएको छ । प्रशासनले सम्भावित विपद् जोखिमबाट जोगिन अनावश्यक यात्रा नगर्न, मौसमको पूर्वानुमान हेरेरमात्र यात्रा गर्न तथा सम्बन्धित निकायको सूचना पालना गर्न भनिएको छ ।

## सिमेन्टका मजदुरले दिए ११ दिनको 'अल्टिमेटम



सन्देश संवाददाता

हेटौंडा/नेपाल सरकारको पूर्णस्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योगमा कार्यरत् सम्पूर्ण कर्मचारीको ११ महिनादेखिको तलब, ज्याला, १८ महिनादेखि तलब, ज्यालाबाट कट्टा गरेको सञ्चयकोष, १५ महिनादेखि तलब, ज्यालाबाट कट्टा गरिएको नागरिक लगानी कोष, १ वर्षको तलब र ज्यालाबाट कट्टा गरेको ट्याक्स रिटर्नबापत् रकम, १ वर्षदेखिको सट्टा बिदा पाएका छैनन् ।

३ वर्षदेखि कर्मचारीको बिमासमेत दाखिला गरिएको छैन । ५ वर्षदेखि कुल दरबन्दीको लगभग ३० प्रतिशत् मजदुर/कर्मचारीले उद्योग सञ्चालन गर्दै आएको र उद्योग निरन्तर सञ्चालनका निमित्त सट्टा तथा अतिरिक्त समयमा कार्य गर्नुपर्ने बाध्यता छ । उक्त कार्य महाप्रवन्धकको स्वीकृतिमा भए पनि ३२ महिनादेखिको अतिरिक्त कार्यबापत् ज्याला मजदुर/कर्मचारीहरुलाई उपलब्ध गराइएको छैन । जसले गर्दा मजदुर/कर्मचारीहरुमा चरम आर्थिक अभावका कारण दैनिक जीवनयापन कष्टकर बनेको छ । धेरैजसो मजदुर/कर्मचारीहरु ऋणमा डुबेको अवस्था छ । बालबच्चाहरु शिक्षाबाट समेत बञ्चित हुने अवस्था सिर्जना भइसकेको छ । कतिपय मजदुर/कर्मचारी बिरामी भइ औषधि उपचार नपाएर अस्पतालमा छट्पटाएर बस्नुपरेको छ भने कतिपयले आर्थिक अभावका कारण उपचार गर्न नसकेर मृत्युवरण गर्नुपरेको मार्मिक अवस्था छ ।

सम्पूर्ण मजदुर/कर्मचारीको यस्तो जर्जर, मानसिकरुपले विक्षिप्त एवम दयनीय अवस्थाबारे उद्योग व्यवस्थापन, तालुक मन्त्रालयलाई पटकपटक ध्यानाकर्षण गराउँदा धेरै पटक लिखित प्रतिवद्धता व्यक्त गरी उद्योग व्यवस्थापनबाट मजदुर/कर्मचारीसँग सहमति गरिए पनि उक्त सहमतिलाई व्यवस्थापनले लत्याउँदै आएको मजदुरको आरोप छ । उद्योगमा रहेको मौज्दात कोइलाबाट चैत १२ गतेदेखि बैशाख १ सम्म करिब १० करोड बराबरको सिमेन्ट सम्पूर्ण मजदुर/कर्मचारीको अहोरात्र खटेर उत्पादन गरेका छन् ।

'तसर्थ, मजदुर/कर्मचारीको ११ दिनभित्र सम्पूर्ण तलब, ज्याला उपलब्ध गराउन अनुरोध गरिएको छ । मजदुर कर्मचारीको मागलाइ बेवास्ता वा नजरअन्दाज गरे सम्पूर्ण कर्मचारी कडा भन्दा कडा आन्दोलनमा होमिन बाध्य हुनेछौं र सोबाट उत्पन्न परिस्थितिको जिम्मेवार स्वयम् उद्योग व्यवस्थापन हुनेछ,' उनीहरुले मंगलबार महाप्रवन्धकसमक्ष बुझाइएको ज्ञापनपत्रमा भनेका छन् ।

उनीहरुले उद्योग व्यवस्थापनले भुक्तानीका निमित्त कर्मचारीसँग गरेको प्रतिवद्धतासहित प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, अर्थ मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समिति, प्रतिनिधिसभा सदस्य मकवानपुर क्षेत्र-१, प्रदेशका मुख्यमन्त्री, जिल्ला प्रशासन कार्यालय, मकवानपुर र अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय, मकवानपुर र श्रम तथा रोजगार कार्यालय, मकवानपुरमा पनि पत्र दिएका छन् ।

उद्योगले २०४२ देखि व्यावसायिक उत्पादन सुरु गरी हाल ५ वर्षदेखि अत्यन्त न्यून उत्पादनसहित नाममात्रको सञ्चालनमा छ ।

### 'डोजर आतंक'

## हुनुपर्ने 'रुल अफ ल', भयो 'रुल बाइ ल'



सन्देश संवाददाता

हेटौंडा/चितवनमा सक्रिय राजनीतिक दलहरुले भूमिहीन सुकुम्बासीको समस्याबारे संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै सरकारको कदमप्रति आपत्ति जनाएका छन् । उनीहरुले वर्षौंदेखि बसोबास गर्दै आएका भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीका अस्थायी घरमा डोजर चलाउनु राज्यद्वारा सिर्जित आतंक भएको बताएका हुन् ।

मंगलबार चितवनमा बसेको सर्वदलीय बैठकले सरकारले डोजर आतंक बन्द गर्नपर्ने साझा धारणा सार्वजनिक गरेका छन् । सरकारले नागरिकको अभिभावकको भूमिका निर्वाह गर्नुपर्ने उल्लेख गर्दै गरिबी हटाउने नाममा गरिब नागरिकमाथि नै अन्याय भइरहेको आरोप लगाइएको छ । 'जनताको जीवनस्तर सुधार्ने प्रतिबद्धतासहित आएको सरकारले उल्टै नागरिकलाई असुरक्षित र आतंकित बनाएको छ,' विज्ञप्तिमा भनिएको छ ।

राजनीतिक दलहरुले वैकल्पिक व्यवस्था नगरी सुकुम्बासी बस्ती हटाउनु नागरिकको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र बाँच्न पाउने संवैधानिक अधिकारमाथिको गम्भीर प्रहार भएको बताएका छन्। छोटो समयको सूचना दिएर ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी बालबालिका, वृद्ध, बिरामी र परीक्षाको तयारीमा रहेका विद्यार्थीसमेत प्रभावित हुने गरी गरिएको डोजर आतंकप्रति गम्भीर आपत्ति रहेको बताइएको छ।

साझा विज्ञप्तिमा राज्यले वास्तविक सुकुम्बासी र भूमिहीनको पहिचान गरी उनीहरुको उचित व्यवस्थापन गर्नु आफ्नो दायित्व भएको स्मरण गराउँदै 'रुल अफ ल' (कानुनको शासन) को आधारमा मात्र समस्या समाधान गर्नुपर्नेमा जोड दिइएको छ। 'रुल बाइ ल' (दमनको शासन) को शैलीमा गरिएको हस्तक्षेपले देशभर त्रास फैलिएको उनीहरुको भनाइ छ ।

दलका नेताहरुले सुकुम्बासी माथि भइरहेको दमन र आक्रमण तत्काल रोक्न, वैकल्पिक व्यवस्था सुनिश्चित गर्न तथा प्रभावित नागरिकको मानवअधिकारको ग्यारेन्टी गर्न सरकारसँग माग गरेका छन् । कांग्रेस चितवनका सभापति राजेश्वर खनाल, एमाले जिल्ला अध्यक्ष कमलराज पाठक, नेपाली कम्युनिष्ट पार्टी (नेकपा) जिल्ला संयोजक घनश्याम दाहाल (अविनाश), श्रम संस्कृति पार्टी जिल्ला अध्यक्ष राजु थापालगायत ११ दलका नेताहरुले संयुक्त हस्ताक्षर सहित सरकारको ध्यानाकर्षण गराएका हुन् ।

## प्राकृतिक विपद्ले किसान दोहोरो पीडामा

सन्देश संवाददाता

हेटौंडा/लगातारको हावाहुरी, असिना र वर्षाका कारण मकवानपुरको हेटौंडा बजारमा तरकारीको मूल्य बढ्न थालेको छ । खेतबारिमा लगाइएका मौसमी तथा बेमौसमी तरकारीमा प्राकृतिक विपद्को असर परेपछि बजारमा आपूर्ति घट्दा मूल्यवृद्धि भएको हो । पछिल्ला केही दिनयता परेको असिना, हावाहुरी र अविरल वर्षाले किसानको बारिमै तयार अवस्थामा रहेका गोलभेंडा, काँक्रो, बोडी, करेला, भिण्डी, सागसब्जी लगायत तरकारीमा ठूलो क्षति पुगेको मकवानपुरको हाँडीखोलाका किसान श्याम घिमिरेले बताए ।

हेटौंडा आसपासका कृषिक्षेत्रका किसानका अनुसार असिनाले तरकारीका बोटमा प्रत्यक्ष क्षति पुऱ्याएको छ भने लगातारको पानीले बारिमा पानी जम्दा बाँकी रहेका तरकारीसमेत कुहिन थालेका छन् । यसले उत्पादन घटाएर बजार आपूर्तिमा असर पुऱ्याएको हो । स्थानीय किसानहरुले मौसमको प्रतिकूलताका कारण एक सातामै ठूलो नोक्सानी व्यहोर्नुपरेको बताएका छन् । उत्पादन घटेपछि व्यापारीहरुले पनि तरकारीको मूल्य बढेको बताएका छन् ।

हेटौंडा बजारमा केही दिन अघिसम्म प्रतिकिलो ५० मा पाइने गोलभेंडा हाल ८० पुगेको छ । काँक्रो, बोडी, करेला, भन्टा र हरियो सागको मूल्यमा पनि प्रतिकिलो २० देखि ३० सम्म वृद्धि भएको व्यवसायीहरुको भनाइ छ । व्यवसायीहरुका अनुसार स्थानीय उत्पादन घटेपछि बाहिरबाट तरकारी ल्याउनुपरेको र ढुवानी खर्च बढ्दा मूल्य थप महंगिएको हो । नेपालभर पछिल्लो समय तरकारी बजारमा मूल्य अस्वाभाविकरुपमा बढिरहेको तथ्यांकले पनि देखाएको छ। किसानहरुले मौसमजन्य विपद्बाट बारम्बार क्षति व्यहोर्नुपर्दा उत्पादन लागतसमेत उठाउन समस्या भएको गुनासो गरेका छन्। असिना र हावाहुरीले तरकारी बालीमा ठूलो क्षति पुऱ्याउने क्रम नेपालका विभिन्न जिल्लामा पनि देखिएको छ ।

कृषि प्राविधिकहरुले मौसममा आएको अस्थिरताले तरकारी उत्पादनमा प्रत्यक्ष असर पार्ने र त्यसको प्रभाव बजार मूल्यमा देखिने बताएका छन् । उनीहरुले किसानलाई जलनिकास व्यवस्थापन, प्लास्टिक टनेल संरक्षण र वैकल्पिक खेती प्रणाली अपनाउन सुझाव दिएका छन्। उपभोक्ताहरु भने दैनिक उपभोग्य तरकारी महंगिँदा घरखर्च धान्न थप समस्या भएको बताउँछन् । बजारमा मूल्यवृद्धि हुँदा यसको प्रत्यक्ष मार उपभोक्तामाथि परेको छ भने किसानले उत्पादन गुमाएर दोहोरो पीडा भोगिरहेका छन् ।

### बागमती प्रदेशभर बिहीबार सार्वजनिक बिदा

सन्देश संवाददाता

हेटौंडा/बागमती प्रदेश सरकारले भाषा दिवस का अवसरमा बैशाख २४ गते बिहीबार प्रदेशभर सार्वजनिक बिदा दिने निर्णय गरेको छ । प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालयले सोमबार सूचना जारी गर्दै सरकारी कामकाजी भाषा ऐन, २०७९ कार्यान्वयनमा आएको दिनलाई स्मरण गर्दै हरेक वर्ष बैशाख २४ गते भाषा दिवस मनाउने र सोही दिन सार्वजनिक बिदा दिने व्यवस्था गरिएको जनाएको छ ।

मन्त्रालयकी सूचना अधिकारी रबिता कार्कीका अनुसार उक्त दिन प्रदेशअन्तर्गत् सबै सरकारी कार्यालय तथा निकाय बन्द रहनेछन् । यसअघि २०८२ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले भाषा दिवसका अवसरमा सार्वजनिक बिदा दिने निर्णय गरी प्रदेश सरकारको वार्षिक क्यालेन्डरमै समावेश गरेको थियो ।


## हाँसौः स्वस्थ रहौं।

- हाँस्नु स्वास्थ्यका लागि लाभदायक हुन्छ,
- हाँस्ने र खुशी हुने बानीको विकास गरौं,
- तनाव, चिन्ता र निराशालाई कम गर्न हाँसौ,
- परिवार र साथीहरुसँग हाँसौं र रमाइलो समय बिताऔं,
- सकारात्मक सोच र उत्साहपूर्ण वातावरण सिर्जना गरौं,
- हाँस्ने योगमा सहभागी बनौं,
- अरुलाई खुशी बनाउने व्यवहार गरौं,
- सामाजिक सद्भाव र आपसी सम्बन्ध बलियो बनाऔं,
- मानसिक स्वास्थ्य सुधारमा हाँसोको भूमिका बुझौं,

*हाँसौं र हँसाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड



**उखान:** बाँदरको पुच्छर लौरो न हतियार ।

**बेलाको बोली**

**मानिसलाई बाँच्नका निम्ती एक चिम्टी बल, आधार र प्रेम चाहिन्छ ।**

*- भानुभक्त आचार्य*

## सम्पादकीय

# छापामारीको सन्देश के ?

*बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँको घर, कार्यालय तथा निजी निवासमा सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले छापा मारेको छ । विभागले सोमबार बिहान मुख्यमन्त्री बानियाँको हेटौंडा र काठमाडौंस्थित घर एवम् उनी बिगतमा संलग्न रहेको बानियाँ निर्माण सेवाको कार्यालयमा छापा मारी कागजात नियन्त्रणमा लिएपछि यो बिषयले चर्चा बटुलेको छ । बर्तमान नेपाल सरकारले बिगतका सार्वजनिक पद धारण गरेका हरेक नेता/ब्यापारीको सम्पत्ति छानविन गर्ने तयारी थालेको हो । त्यसो त मकवानपुर जिल्ला निवासी 3 जना को सम्पत्ती छानविन गर्ने लिष्ट पहिला नै तयार भएर बसेको हल्ला पनि चल्दै आएको थियो । सोही क्रममा मुख्यमन्त्रि बानिया बिभागको छानविनमा पर्ने पहिलो राजनीतिज्ञ भएका छन् । उनीबिरुद्ध छानविन हुनुपर्ने भन्दै बिभिन्न ब्यक्ति तथा पुर्वराजनीतिज्ञहरुले दवाव दिदै आएको सुन्न पाईन्छ ।*

*यद्यमी नेपाल सरकारको यो कदमप्रति मुख्यमन्त्रि बानियाले नकारात्मक प्रतिक्रिया भने दिएका छैनन् । उनले यो छानविनमा सहयोग गर्ने पनि प्रतिवद्धता जनाएका छन् । तर, बहालवाला मुख्यमन्त्रिबाटै छानविन सुरु हुनुले के संकेत गर्ला । के अबका दिनमा यो प्रक्रिया निरन्तर चल्नेछ वा ठूला माछाको उपाधी दिदै यो प्रक्रिया रोकिने त होईन ? कानुनको नजरमा सबै बराबार हुने भएकोले आगामी दिनमा यस्तै सार्वजनिक पदधारण गरेका हरेक ब्यक्तिको छानविन हुंदै जाला त ? या उनीमाथि राजनैतिक प्रतिषोध साध्नकै लागि अचानक यो कदम चालिएको हो ।*

*यस घटनालाई लिएर नेपाली काग्रेस मकवानपुरका सभापति बुद्ध लामाले बिभागको सम्पत्तीसम्बन्धि छानविन केवल राजनैतिक प्रतिशोध साध्न खोजिएको काम हो भनेर बिज्ञप्तिमार्फत् नै भनिसकेका छन् । बिभागको यि र यस्ता क्रियाकलापहरु क्रमश हुने र निरन्तर हुने भए त मान्नु पनि पर्ला, होईन भने केवल स्टण्डबाजी मात्र गर्न खोजिएको हो भने मुख्यमन्त्रि बानियालाई अन्याय हुनेमा दुईमत नरहला । त्यसैले नेपाल सरकारले हरेक कामलाई छिटोभन्दा छिटो परिणाममुखी बनाउन अध्यादेशसमेत ल्याएर काम गर्दैगर्दा नेपाली जनताले केवल पर्ख र हेरको अवस्थामा छन् । यदी सरकारको काम कुनै पक्ष बिपक्ष नभनि गरिने भएमा ठिकै मान्न सकिएला होईन भने कसैको मानमर्दन गर्ने छुट कसैलाई पनि छैन ।*

## मकवानपुरमा आज

१: जानकारीमा नआएको

## तपाईंको आज

**मेष** — खानपानको असावधानीले स्वास्थ्य प्रतिकूल रहला । आम्दानी रोकिनाले केही योजना स्थगन हुन सक्छन् । काम बिग्रने भयले पनि सताउनेछ ।

**बृष** — गोपनीयता बाहिरिनाले समस्या आइपर्न सक्छ । साँझदेखि स्थितिमा सुधार आउनाले कर्मको साधना सिद्ध हुने र परिवारको सहयोग पाईनेछ ।

**मिथुन** — प्रियजनसँग भेटघाट हुनेछ । तर, विचार नमिल्नाले आफन्तसँगै वादविवाद हुन सक्नेछ । प्रेमको बन्धन कमजोर बन्ने समय छ ।

**कर्कट** — उधारो व्यापार गर्नुपर्ला । आँटेको यात्रा रोकिन सक्नेछ । काम बिग्रनाले दु:ख पाइनेछ । नया काम नबन्ने र न्यून उपलब्धिमा चित्त बुझाउनुपर्ला ।

**सिंह** — भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ ।

**कन्या** — अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ । साँझतिर व्यापारमा राम्रो उन्नती र फाइदा हुनेछ ।

**तुला** — काममा केही अलमल हुन सक्छ । अस्वस्थताले कमजोर भएको अनुभूति हुनेछ । परिस्थितिवश लक्ष्यमा पुग्न विलम्ब हुने योग देखिन्छ ।

**बृश्चिक** — भौतिक साधनमा क्षति पुग्ने सम्भावना देखिएकाले सजग रहनु होला । प्रतिस्पर्धीहरूबाट पनि अलि जोगिएर काम लिनुपर्ने समय छ ।

**धनु** — अरूलाई दिएको वचन पूरा गर्न नसकिए पनि शुभचिन्तकहरूले साथ दिनेछन् । परिवारमा आमाको माध्यम-बाट नयां काम लिन सकिनेछ ।

**मकर** — आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन् । परिस्थितिवश आँटेको काममा विलम्ब हुनेछ । सहयोगी-हरूले बीचैमा हात झिक्न सक्छन् ।

**कुम्भ** — मौका आए पनि समयमा जागरुक नबन्दा पछि परिनेछ । धेरै लाभ उठाउन नसकिए पनि समस्या सुल्झाउन सकिने योग देखिनेछ ।

**मिन** — प्रतिस्पर्धीहरूले वादविवादमा फसाउन सक्नेछन्, बिशेष सजग रहनु होला । मिहिनेतले केही नयाँ काम गर्ने अवसर भने दिलाउन सक्नेछ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# औद्योगिक क्षेत्रमा मध्यपूर्व युद्धको असर



✍सुदर्शन अधिकारी



विश्वमा कहीं पनि युद्धले सकारात्मक र राम्रो परिणाम दिंदैन, तर पनि विभिन्न कारणले युद्ध हुने गरेका छन् । मध्यपूर्व एसियामा बढ्दो भूराजनीतिक तनावका कारण प्रत्यक्ष असर हाम्रो उद्योगको क्षेत्रमा पर्न थालेको छ । यसमध्ये हेटौंडा औद्योगिक क्षेत्र ज्यादै महत्वको छ । मध्यपूर्वमा विकसित युद्धका कारण इन्धन तथा कच्चा पदार्थको मूल्यवृद्धि हुन गई उत्पादनमा प्रत्यक्षरूपमा प्रभाव पर्न गएको छ । उद्योगमा आवश्यक पर्ने इन्धन र कच्चा पदार्थ अन्तर्राष्ट्रिय बजारमा निर्भर रहनुपर्ने बाध्यताका कारण प्राय: सबै उद्योग बन्द गर्नुपर्ने अवस्था आएको उद्योग संघ मकवानपुरले जनाएको छ । यसले हाम्रो उत्पादन, व्यापार र रोजगारीलगायत सर्वत्र नकारात्मक प्रभाव परेको छ ।

उद्योग त्यस्तो महत्वपूर्ण रोजगारी सिर्जनाको क्षेत्र हो, जहाँ एकैपटक सयौं श्रमिकले रोजगारी प्राप्त गर्न सक्छन् । तसर्थ, उद्योगको विकास र विस्तार रोजगारी सिर्जनाका लागि उच्च र महत्वको क्षेत्र हुन्छ । त्यतिमात्र नभई उद्योग बाट उत्पादित वस्तुको बिक्री–वितरणबाट व्यापारको विकास र विस्तारमा पनि योगदान पुग्छ । यसबाट विदेशी मुद्रा आर्जन, व्यापारको वृद्धि र समग्र अर्थतन्त्रमा सकारात्मक प्रभाव पुग्दछ, जसले गार्हथ्य उत्पादनमा वृद्धि, आर्थिक विकासमा टेवा तथा बाह्य व्यापारको समेत विस्तारमा सहयोग पुग्छ । यसैले हामीले वर्तमान बेरोजगारीको समस्या समाधानका लागि पनि हरसम्भव धेरै उद्योगको स्थापनामा जोड दिनुपर्छ भने रुग्ण उद्योगहरू पुन: सञ्चालनमा ल्याउन विशेष र प्रभावकारी पहल चाल्नु पर्ने हुन्छ ।

पछिल्लो समय केही रुग्ण उद्योगहरु पुन: सञ्चालन गर्न सुरसार गर्ने मार्गमा लाग्दै गर्दा विश्व परिवेशमा नै एउटा विषम अवस्थाको सिर्जना हुन पुग्यो । यसले कमजोर अर्थतन्त्र भएका देशमा धेरै असर पर्न गएको छ । प्रथमत: सबै उद्योग पूर्णरूपले सञ्चालनमा आएका नै छैनन् भने आएका उद्योग पनि पूर्ण क्षमतामा चल्न सकेका छैनन् । तेस्रो खासगरी पेट्रोलियम पदार्थमा आधारित उद्योगहरू त झनै इन्धन अभाव र भारी मूल्यवृद्धिका कार–णले चल्न सकेका छैनन् । यसरी नेपाली औद्योगिक क्षेत्रमा व्यापकरूपमा मध्यएसियाको युद्धले नराम्ररी प्रभावित हुन पुगेको छ ।

कच्चा पदार्थ गहुँ भएका उद्योगहरू, प्लाष्टिकका दाना कच्चा पदार्थ भएका अन्य उद्योगहरूमा पनि आवश्यक कच्चा पदार्थको अभावका कारण क्षमताभन्दा आधामात्र उत्पादन गर्न बाध्य छन् । त्यतिमात्र नभई मौज्दात रहेका कच्चा पदार्थ सकिन लाग्दा उद्योगीहरू थप समस्या र चिन्तामा परेका छन् । कच्चा पदार्थ आयात गर्न पनि कठिन र बल्ल–बल्ल आयात गर्दा पनि उच्च मूल्यवृद्धि भएका कारण लागत नै ज्यादा पर्न गई बजारमा स्वत: उत्पादित वस्तु महंगो भएर जाने समस्याका कारण अर्को तनावको अवस्था सिर्जना भएको छ । यस्तै अवस्था लामो समय रहन गएमा अझ कठिन अवस्थाको सामना गर्नुपर्ने हुन्छ भन्नेमा उद्योग सञ्चालकहरू थप चिन्ता र तनावको अवस्थामा देखिन्छन् ।

हालको अवस्थामा पनि विद्युत् आपूर्तिमा समस्या र कच्चा पदार्थको अभावका कारण दैनिक ३ करोड नोक्सान परिरहेको संघले जनाएको छ । राज्यले पनि औद्योगिक क्षेत्रमा यस्तो विषम परि–स्थितिमा सहजरूपमा विद्युत उपलब्ध गराउनु पर्छ । किनभने इन्धन अभावका कारण सिर्जना भएको अवस्थालाई केही मात्रामा भए पनि उद्योग सञ्चालनमा ल्याउन सक्दा समग्र आर्थिक क्षेत्रमा सकारात्मक प्रभाव पर्ने भएकाले यसप्रति सरकार गम्भीर बन्नु जरुरी देखिन्छ । विद्युत अनियमित हुँदा महंगो मूल्यमा खरिद गरिएको डिजेल प्रयोग गर्नुपर्ने भएकाले सहजरूपमा नियमित विद्युत आपूर्तिको व्यवस्था गरिनुपर्छ, यसले पनि उद्योगी–हरूलाई केही राहत र सहजता आउनेछ । यसले राज्यलाई पनि हित नै हुन्छ ।

हामीले उद्योगको विकास र विस्तारमा जोड दिई सकेसम्म धेरै जनशक्तिलाई स्वदेशमा नै रोजगारी उपलब्ध गराउनेतर्फ विशेष ध्यान दिनु पर्छ । सामान्य अवस्था नभएका कारण उद्योगीहरूले सामना गरिरहेका वर्तमान समस्याबाट कसरी सहयोग गर्न सकिन्छ भन्नेतर्फ ध्यान दिनु जरुरी छ । आजको यस जटिल अवस्था थप दुई महिना लम्बिएमा उद्योगहरू सबै बन्द गर्नुपर्ने हुन्छ भन्दै उद्योगीहरू सर्वत्र चिन्ता व्यक्त गरिरहेका छन् । इन्धन अभाव र मूल्यवृद्धिले ढुवानी खर्चमा वृद्धि भएर स्वत: महंगो हुने भएकाले आमउपभोक्तामा पनि असर पुगेको छ । यसका कारण हरेक उपभोग्य वस्तुको मूल्यमा ३० देखि ६० प्रतिशतसम्म वृद्धि भएको गुनासो उपभोक्तासम्बन्धि संघ–संस्थाहरूले बताउदै आएका छन् ।

उद्योगहरू बन्द भएमा श्रमिकको रोजगारी पनि खोसिने भएकाले यसप्रति राज्यले कम्तीमा पनि विद्युत वितरणमा उद्योगलाई प्राथमिकता दिनुपर्ने देखिन्छ । उद्योग भनेको बहुआयामिक प्रभाव पार्ने महत्वपूर्ण क्षेत्र भएकाले उद्योगीहरूलाई राहत र सहजता हुने हरउपायको खोजी गरिनुपर्छ । उद्योग बन्द हुँदा उत्पादन तथा रोजगारीको अभाव मात्र नभएर राजस्वमा समेत कमी आउँछ भने उत्पादन गरिएका वस्तु आयात गर्न फेरि अर्को चर्को मूल्य तिर्नुपर्ने अवस्थाको सिर्जना हुन्छ । त्यसैले यसले बहुआयामिक प्रभाव पार्छ भनिएको हो । यसरी आजको मध्यएसियामा देखिएको तनावको अवस्था लम्बिएर जाने हो भने आम उपभोक्ताको दैनिकी थप जटिल हुन जान्छ ।

हाम्रो देशको औद्योगिक क्षेत्रहरू रहेका सबै स्थानमा उस्तै समस्या रहेका छन् । औषधि उद्योगमा पनि कच्चा पदार्थको अभाव र मूल्य वृद्धिका कारण यस्तै अवस्था रहेमा तीन महिनापछि अत्यावश्यक औषधिसमेत चरम अभाव हुनेछ । निर्माणका क्षेत्रमा पनि त्यस्तै हालत छ । सिमेन्ट, रड, अलकत्राजस्ता सामग्रीहरूको मूल्यवृद्धिका कार–ण ठेक्का सम्झौता भएर काम गरिरहेका आयोजना–हरू पनि कच्चा सामग्रीको अभावका कारण २५ प्रतिशतमा झरेको निर्माण व्यवसायीहरू बताउँछन् । यसले निर्माण लागत वृद्धि गर्छ भने समय लम्बिंदै जांदा थप समस्या सिर्जना हुन्छ । यसै त अन्तिम महिना वा आर्थिक वर्षको अन्त्यमा मात्र हतार–हतार विकास निर्माणका कार्य गरिने एक प्रकारको संस्कृति नै बनेको सन्दर्भमा विकास निर्माणका सामानमा भएको मूल्यवृद्धि र आवश्यक सामान–हरूको अभावले थप समस्या सिर्जना गर्ने निश्चित भएको छ ।

अब वर्षाको समय सुरु भएकाले निर्माण कार्यमा पनि थप जटिलताहरू देखिन्छन् । आर्थिक विकासमा महत्वपूर्ण योगदान दिने उद्योगको विकास र विस्तारमा जोड दिनुपर्ने वास्तविकतामा कसैको विमत्ति नरहला, तर विकासमा रहेका समस्याको पहिचान गरी ती समस्या समाधानका लागि प्रभावकारीरूपमा कार्य सम्पादन गर्न सरकार, निजी क्षेत्र र बाह्य लगानीकर्तासमेतको भूमिका महत्वपूर्ण हुन्छ । उद्योगको विकासका लागि विभिन्न प्रयासको खाँचो रहन्छ । उपयुक्त औद्योगिक नीति, निर्यात प्रवर्द्धन, कच्चा पदार्थको सहज आपूर्ति र उपयोग, अनुदानको व्यवस्था, औद्योगिक क्षेत्रमा नियमित विद्युत आपूर्तिजस्ता पक्षमा गम्भीरताका साथ कार्य गर्नुपर्छ, तब मात्र उद्योगको विकास र विस्तारमा ठोस कार्य गर्न सकिन्छ ।


विकासका चौतर्फी मार्ग खोल्ने उद्योगको विकासका लागि राज्यले तीन भागमा विभाजन गरेको देखिन्छ, जसमा भवन निर्माण क्षेत्र, पूर्वाधार निर्माण क्षेत्र र विशिष्टीकृत निर्माण क्षेत्र पर्छन् । हाम्रो सन्दर्भमा निर्माण उद्योग ज्यादा महत्वको रहन्छ । यसले नेपालको लगभग १५ प्रतिशत जनसंख्या–लाई रोजगारी उपलब्ध गराएको छ । यस्ता निर्माण कार्यहरू सञ्चालन गर्न निर्माण व्यवसायहरू सञ्चालन गरिएका हुन्छन् । दृष्टान्तका लागि गिट्टी, बालुवा, माटो, ढुंगा, ईटा, टायल, ब्लक जस्ता सामग्रीहरूका क्षेत्रमा हजारौं जनशक्तिले रोजगारी प्राप्त गरेका छन् । समयमा निर्माण कार्य सम्पन्न नहुने समस्या समाधानका लागि पनि प्रभावकारी कदम चाल्नुपर्छ । हालको यस विषम अवस्था सिर्जना हुनुमा खासगरी अमेरिकाको शक्ति प्रदर्शनजस्तो देखिन्छ ।

विश्वमा शान्ति स्थापना गर्ने मूल उद्देश्य लिएर स्थापना गरिएको संयुक्त राष्ट्र संघले पनि युद्ध रोक्ने र शान्ति स्थापना गर्ने कार्य गर्न सकेको देखिन्न । सन् १९४५ अक्टोबर २४ मा अमेरिकाको पहलमा स्थापना गरिएको संयुक्त राष्ट्र संघले विश्वमा देखिएका युद्ध र तनावको अवस्थालाई सम्बोधन गरी शान्तिका ठोस प्रयास गर्न सकेको छैन । मध्यपूर्वको युद्धका कारण आज राज्यका हरेक क्षेत्र असहज अवस्थाबाट गुज्रिरहेका छन् । इरान र अमेरिका आपसमा युद्धमा सामेल भएर हजारौं निर्दोष मानवको ज्यान गएको छ भने लाखौं भौतिक संरचना खण्डहर बनाइएको छ । मानव अधिकारको धज्जी उडाइएको छ, स्वतन्त्रता र लोकतन्त्रको चर्को कुरा गर्ने अमेरिका स्वयम् विश्वमा हतियार र शक्तिको प्रदर्शन गरिरहेको छ । यसप्रति सबैजसो देश असन्तुष्ट छन् तर प्रभावकारी प्रतिकार गर्न पनि सकेका छैनन् ।

आजको यस विषम अवस्थामा राज्यले विभिन्न विकल्पहरूको खोजी गरी आमनागरिकलाई कसरी राहतको प्याकेज दिने भन्ने पनि ख्याल गर्नुपर्छ । सामान्य दृष्टान्त उल्लेख गरौं, पेट्रोलमा विभिन्न शीर्षकमा गरेर ८० रुपैयाँ कर लगाइएको छ । जसमा वातावरण कर, सडक कर, जलविद्युत उत्पादनका लागि करलगायतका छन् । ८० रुपैयाँमा कम्तीमा ४० रुपैयाँ मात्र घटाउने हो भने पनि आमनागरिकमा ठूलो राहतको अनुभूति हुने थियो । रहेको देखिन्छ । आजको यस विषम अवस्था थप तीन–चार महिना लम्बिने हो भने अवस्था अझ भयावह र जीविकोपार्जनमा जटिलता आउने निश्चित देखिन्छ । यसतर्फ राज्यले विभिन्न उपायहरू खोजी गर्न कत्ति पनि विलम्ब गर्नु हुँदैन ।

*साभार : कारोबार दैनिक*

# नेपाली राजनीतिले काँचुली फेर्दै



✍रमेशकुमार अधिकारी

आधुनिक युगमा 'जनताद्वारा जनताका लागि जनताको सरकार' भन्ने लोकतन्त्रको सर्वमान्य परिभाषाको आलोकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था उत्कृष्ट कोटिमा पर्दछ । नेपालको वर्तमान संविधानले यही व्यवस्था–लाई संस्थागत गरेको छ । यही संवैधानिक व्यवस्था अन्तर्गत मुलुकमा राजनीतिक दलहरुको सशक्त क्रियाशीलता र निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा शासन व्यवस्था सञ्चालन हुँदै आएको छ । तथापि स्थापित राज्यप्रणालीले आमजनतालाई सन्तोष बनाउन नसकेको उकुसमुकुसका बीच २०८२ भाद्र २३ र २४ गतेको जेनजि आन्दोलनले राजनीतिलाई अकल्पनीय अवस्थामा पुऱ्यायो । सो कठिन अवस्था बाट निकास निकाल्न २०८२ भाद्र २७ मा पूर्व प्रधानन्यायाधीश सुशीला कार्की प्रधानमन्त्री पदमा नियुक्त हुनुभयो र उहाँको अध्यक्षतामा गठन भएको अन्तरिम सरकारले देशको शासनभार सम्हाल्यो । यही बिन्दुबाट नेपाली राजनीतिले नवीन अनुभव गराउन थालेको हो ।

सर्वविदितै छ कि अन्तरिम सरकारको प्रमुख कार्यभार २०८२ फागुन २१ मा प्रतिनिधिसभा सदस्य निर्वाचन सम्पन्न गराउनु थियो । अन्तरिम सरकारले अनेकथरीका अन्यौलता, आशंका र अनुमान हरुलाई चिर्दै २०८२ फागुन २१ मा भयमुक्त वातावरणमा शान्तिपूर्ण, स्वतन्त्र र निष्पक्ष तवरले निर्वाचन सम्पन्न भयो । यस निर्वाचनको नतिजाबाट बिलकुल नयाँ राजनीतिक परिदृष्य देखापऱ्यो । साविकका पहिला, दोश्रा र तेश्रा ठूला दलहरुलाई पछि पार्दै राष्ट्रिय स्वतन्त्र पार्टीले प्रतिनिधिसभामा दुई तिहाई नजिक सदस्य संख्या प्राप्त गरेर पहिलो ठूलो दल भयो । साविकका ठूला दलका निमित्त यो निर्वाचनको परिणाम 'मुटुमाथि ढुंगा राखी हाँस्नु पऱ्या छ' भन्ने गीत चरितार्थ हुन गयो । यो नतिजाले ती दलको आन्तरिक जीवनमा समेत ठूलै हलचल पैदा गरेको छ । यही रुपान्तरणलाई बिम्वात्मक रुपमा नेपाली राजनीतिले काँचुली फेर्दैको शब्दावली यस लेखमा प्रयोग गरिएको हो ।

जगजाहेर छ कि २०८२ चैत्र १३ देखि मुलुकले राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता तथा प्रतिनिधिसभा सदस्य वालेन्द्र शाहलाई नयाँ प्रधान मन्त्री पाएको छ । उहाँ ३६ वर्षीय युवा हुनुहुन्छ । यसअघि काठमाडौं महानगरको मेयर हुँदा नै उहां चर्चित पात्र हुनुहुन्छ । अहिले देशको प्रधानमन्त्री हुँदा उहाँको परिचय र प्रचार झनै फैलिएको छ । मुख्य कुरा उहाँ सार्वजनिक जीवनमा प्रवेश गरेयता उहाँका चरित्रका बारेमा खोट लगाउने ठाउँ देखिदैन । क्षमताको गहिराई पनि रहस्यमय छ । यस कारण मुलुकको कार्यकारी प्रमुख सक्षम व्यक्ति भएकाले मुलुकको राजनीति सेवामुखी हुने विश्वास गरि–एको छ । यो पक्षलाई पनि राजनीतिले काँचुली फेर्दैको रुपमा अर्थ्याउन सकिन्छ ।

जेनजी आन्दोलनपूर्वको राजनीतिको सार संक्षेपलाई पनि यहाँ जोड्नु सान्दर्भिक होला । मुलुकको राजनीतिका संवाहक राजनीतिक दलहरु नै हुन् । उनीहरुको सोच, विचार र कर्मले नै राजनीतिक छवि स्थापित हुने गर्दछ । व्यवहारमा राजनीतिक दलका संकल्प, कामना र प्रयत्नले राजनीति सेवामुखी वा स्वार्थपरक के हुने भन्ने निर्धारण हुन्छ । बिगतको सिंहावलोकन गर्दा निर्वाचनका समयमा सार्वजनिक गरिएका संकल्प त हरेक दलले स्मार्ट भएर नै सार्वजनिक गर्ने गरेका हुन् । तर, ती दलका कामना र प्रयत्नहरुलाई केलाउँदा संकल्पबाट निर्देशित भएजस्तो लाग्दैन । त्यही भएर नेपालको राजनीति सेवामूलक भएको विश्वास आममानिसमा गढ्नै सकेन ।

हुन पनि नेपालको राजनीतिक इतिहासको पछिल्लो साढे तीन दशकको अवधिमा नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेकपा माओवादी केन्द्र (हाल नेपाली कम्युनिष्ट पार्टीको नामबाट एकीकृत) दलहरुको नेतृत्वमा मुलुक संघीय लोकतान्त्रिक गणतन्त्रात्मक अवस्थामा रुपान्तरण भएको हो । निर्वाचनमा जनताले कहिले कुन पार्टी र कहिले कुन पार्टीलाई अग्रस्थानमा पुऱ्याए । उल्लिखित दलका नेताहरु पटक–पटक प्रधानमन्त्री बने । कुल मिलाएर साढे तीन दशक लामो समयमा उल्लिखित पुराना ठूला दलहरुको सरकारले शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारका क्षेत्रमा ठूलो परिमाणमा धनराशी खर्च गऱ्यो । तर नागरिक तहमा सेवा प्रवाह र विकासको वितरणले सन्तुष्टि दिन सकेन । नेपाली युवाहरुले स्वदेशमा रोजगारी, आयआर्जन र जीवनस्तरमा सुधार गर्दै सपरिवार हाँसीखुशी जीवनयापन गर्ने सम्भावना देख्नै छोडे । वास्तवमा यही मनोविज्ञानले भित्रभित्रै निराशा र आक्रोश बढाउने काम गऱ्यो र गत भाद्रमा नवपुस्ता को डरलाग्दो आन्दोलन हुन पुग्यो ।

के भनिन्छ भने राजनीतिले सिद्धान्त छोडेपछि यसको चरित्र प्रदूषित/स्खलित हुन्छ । चरित्र स्खलित हुँदा राजनीतिका सञ्चालकहरु सेवाभन्दा स्वार्थमा तल्लीन हुन्छन् । यस्तो अवस्थामा दलहरुको ध्यान आममानिसको सरोकारका विषयमा भन्दा नेता तथा कार्यकर्ताको स्वार्थपूर्तिमा केन्द्रित हुन्छ । यस प्रकारको अवस्था पैदा हुनुलाई महात्मा गान्धीले महापापको संज्ञा दिनु भएको छ । 'पोलिटिक्स विदाउट प्रिन्सिपल इज डेड्ली सिन' नेपालमा ठीक यसैढंगले राजनीति अघि बढेका कारण साविकका सत्तारुढ राजनीतिक दलहरुले पटक–पटक अवसर पाउदा पनि आशा, भरोशाको मियो बन्न सकेनन् ।

यो लेख प्रकाशित हुँदाको दिनमा प्रधानमन्त्री वालेन्द्र शाहको नेतृत्वको नेपाल सरकारले शासन सम्हालेको जम्मा ८० दिन भएको छ । यो छोटो अवधिमा सरकारले सुशासन र समृद्धिका लागि जारी गरेका प्राथमिकताका क्षेत्र, ती क्षेत्रमा देख्न र मापन गर्न सकिने गरी थालेका प्रयासहरुले आशाको नयाँ क्षितिजतर्फ आममानिसलाई डोऱ्याएको छ । सरकारको रफ्तारले पनि अचम्मित तुल्याएको छ । युवा ऊर्जा, जोश र केही गरौं भन्ने भावनाले ओतप्रोत क्याविनेटले छोटो अवधिमै सार्वजनिक हितका महत्वपूर्ण काममा सफलता हासिल गर्न सकेको छ । कूटनीति पनि नयाँ तरिकाले अभ्यास हुन थालेको छ । पहिलेका प्रधानमन्त्रीहरु घण्टौंसम्म भाषण फलाकेर समय खेर फाल्ने गर्दथे भने अहिलेका प्रभानमन्त्री नतिजा बोल्ने हो भन्ने दर्शनबाट प्रेरित भएको देखिन्छ ।

यति लेखिरहँदा पाठकहरुलाई 'नेपाली राजनीतिले काँचुली फेर्दै' भन्ने ओजनदार शीर्षकको पुष्टि अलि पुगेन भन्ने लाग्न सक्छ । वास्तवमा संविधान, कानुनमा लेखिएका अक्षर, शब्द, वाक्य र अनुच्छेदमा प्राण भर्ने र जीवन्त बनाउने काम राजनीतिक नेतृत्वको नै हुँदो रहेछ । नेतृत्वले तीनमा प्राण भर्ने र प्रयोगमा विवेक पुऱ्याउने काम गरेमा उही संविधान र कानुनको ओज र तेज अचम्मले बढ्दो रहेछ । उनै संविधान र कानुन छंदाछंदै पनि नेतृत्व फेरिदा कस्तो असर पर्दोरहेछ भन्ने दृष्टान्तहरु यस छोटो अवधिमा वालेन सर–कारले देखाइसकेको छ ।

जनताको दमदार समर्थनमा सत्तामा पुगेको पार्टीको सरकारलाई एकथरीले झिनामसिना कुरामा अत्तो थापेर अहम्को सन्तुष्टि लिने गरेको देखिन्छ । आफ्नो पक्षधरता इतरलाई राम्रो मान्न नसक्ने वानी भएकामा यस्तो दोषदर्शिता हुनु सामान्य कुरा हो । म सन् २००५ मा अमेरिकामा गएका बखत एक कार्यक्रममा अमेरिकन स्कलरको भाषण सुनेको थिएँ । भाषणको सार थियो अमेरिकनहरुले ठीक गरे पनि, गलत गरे पनि त्यो केवल चार वर्षका लागि हो । त्यसपछि त निर्वाचनमा गइहालिन्छ । सन्दर्भ तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डबलु बुसको कार्यसम्पादनसम्बन्धि थियो । एकथरी बहालवाला राष्ट्रपतिको कार्यसम्पादनमा चिन्तित देखिन्थे ।

*साभार : नयाँ युगबोध दैनिक*

# लामो यात्रामा जान डराउँछन् ईभी चालक



काठमाडौं/नेपालमा विद्युतीय सवारीसाधन (ईभी) को प्रयोग दर बढ्दै गए पनि यसका लागि आवश्यक पर्ने पूर्वाधारको उपलब्धता अपर्याप्त रहेको पाइएको छ। ईभी सवारीसाधनको पूर्वाधारका रुपमा अति महत्वपूर्ण मानिएको चार्जिङ स्टेसनको उपलब्धता झन् न्यून रहेको पाइएको छ। नेपालमा हालसम्म सार्वजनिक चार्जिङ स्टेसनको संख्या १ हजारभन्दा केहीमात्र बढी पुगेको छ।

निवर्तमान भौतिक पूर्वाधार तथा यातायात मन्त्री कुलमान घिसिङले आफ्नो कार्यकालमा गठन गरेको कार्यदलले अध्ययन गरी सार्वजनिक गरेको प्रतिवेदनले बढ्दो ईभी सवारीसाधनको तुलनामा चार्जिङ स्टेसनको संख्या निकै कम रहेको औंल्याएको छ। विद्युतीय सवारीसाधनको आयात, गुणस्तर, बजार, नीतिगत् व्यवस्थालगायत विषयमा अध्ययन गर्न पूर्वाधार निर्माण तथा यातायात महाशाखाका सहसचिव ई.कृष्णराज पन्थको संयोजकत्वमा कार्यदल गठन गरिएको थियो।

नेपालमा विद्युतीय सवारीसाधन (ईभी) को प्रवर्द्धनका लागि आवश्यक नीतिगत्, कानुनी तथा संस्थागत् व्यवस्था, वर्तमान अवस्था, अवसर, चुनौती र सम्भावनाको अध्ययन गर्न कार्यदल गठन गर्ने विषयमा भदौ ३० गते मन्त्रिस्तरीय बैठकबाट निर्णय भएको थियो। प्रतिवेदनअनुसार चार्जिङ स्टेसनको सुबिधा मुख्य सहरमा मात्र केन्द्रित हुँदा राजमार्ग र ग्रामीण क्षेत्रमा यात्रा गर्ने चालकहरुले कठिनाइ भोग्नुपरि रहेको छ। वातावरणीय संवेदनशीलता र बढ्दो इन्धन आयातको भार कम गर्न विद्युतीय सवारीसाधनको प्रयोग अपरिहार्य बनिसक्दा पनि सवारी संख्याअनुसार आवश्यक पर्ने चार्जिङ पूर्वाधारको विकास भने अझै पनि एउटा ठूलो प्रश्नका रुपमा खडा भएको औंल्याइएको छ।

सेप्टेम्बरसम्मको तथ्यांक हेर्दा नेपालमा सार्वजनिक चार्जिङ स्टेसनहरुको संख्या १ हजारभन्दा बढी पुगिसकेको छ। यो संख्या उत्साहजनक देखिए पनि यसको वितरण, प्राविधिक जटिलता र पहुँचका हिसाबले अझै धेरै काम गर्न बाँकी रहेको तथ्यहरुले पुष्टि गरेको छ। विद्युतीय सवारीसाधनको विकासका लागि पर्याप्त र पहुँचयोग्य चार्जिङ स्टेसनको उपलब्धता अनिवार्य सर्त हो। नेपालको सन्दर्भमा राजमार्ग, ग्रामीण क्षेत्र र पहाडी भेगमा अझै पनि चार्जिङ सुबिधा अपर्याप्त छ। विशेषगरि लामो दुरीको यात्रा गर्ने सवारीचालकका लागि चार्जिङ स्टेसनको कमीले यात्रालाई चुनौतीपूर्ण र अनिश्चित बनाइदिएको छ।

तथ्यांकअनुसार नेपालमा रहेका अधिकांश चार्जिङ स्टेसनहरु काठमाडौं उपत्यका, पोखरा र भरतपुर जस्ता प्रमुख सहरी केन्द्रहरुमा मात्र केन्द्रित छन्। यसले गर्दा सहर भित्र गुड्ने सवारीलाई त सहज भएको छ। तर, राष्ट्रिय राजमार्ग र दुर्गम गाउँहरुमा विद्युतीय सवारी लैजान अझै पनि रेञ्ज एन्जाइटी (ब्याट्री सकिने डर) कायम रहेको प्रतिवेदनले औंल्याएको छ। सरकारी निकायका तर्फबाट नेपाल विद्युत् प्राधिकरणले चार्जिङ पूर्वाधार निर्माणमा सक्रियता देखाएको छ। प्राधिकरणले हाल देशभरि गरी ६२ वटा फास्ट चार्जर सञ्चालन गरिरहेको छ, जसको क्षमता १ सय ४२ किलोवाट्सम्म छ।

प्राधिकरणले करिब थप ७ सय ५० वटा चार्जिङ स्टेसन स्थापनाका लागि स्वीकृति दिएको छ। चालु आर्थिक वर्ष २०८२/०८३ मा ७ वटा प्रमुख स्थानमा पूर्वाधार विस्तारका लागि १ करोड बढी बजेट विनियोजन गरेको छ।

प्राधिकरणले सार्वजनिक चार्जिङ स्टेसनको महसुलमा अनुदान दिने र निजी घर वा कार्यालयका चार्जरका लागि मिटर स्तरोन्नतिमा सहजीकरण गर्ने नीति लिएको प्रतिवेदनले औंल्याएको छ। तर, विज्ञहरुका अनुसार बढ्दो मागलाई धान्न यो बजेट र प्रयास अझै पर्याप्त छैन।

विशेषगरि राजमार्गमा हरेक ५० देखि १ सय किलोमिटर दुरीमा भरपर्दो चार्जिङ स्टेसन हुनु आवश्यक छ। सरकार, विद्युत् प्राधिकरण र निजीक्षेत्रको साझा प्रयासले मात्र नेपाललाई पूर्णरुपमा इलेक्ट्रिक मोबिलिटीतर्फ डोऱ्याउनसक्ने प्रतिवेदनले उल्लेख गरेको छ।

*निजीक्षेत्रको लगानी*

नेपालमा चार्जिङ स्टेसन विस्तारमा निजीक्षेत्रको योगदान अग्रणी रहेको प्रतिवेदनले औंल्याएको छ। सवारीसाधनका आधिकारिक बिक्रेताहरुले आफ्ना ग्राहकलाई आकर्षित गर्न देशभरि स्टेसनहरु स्थापना गरिरहेका छन्। मुख्यगरी निजीक्षेत्रका ठूला व्यापारिक घराना विशाल ग्रुप, पारामाउन्ट मोटर्स र भीजी अटोमोबाइल्सले संयुक्तरुपमा करिब २ सय ५० वटा चार्जिङ स्टेसन सञ्चालन गरिरहेका छन्। एमएडब्लुले १ सय ६० वटा स्टेसन स्थापना छ। दीगो प्रालिले १ सय वटा स्टेसन सञ्चालनमा ल्याएको छ भने साइमेक्स इंक र सशीला मोटर्सले समानरुपमा ७०/७० वटा स्टेसन स्थापना गरेका छन्। लक्ष्मी हुन्डाईले ४५ वटा चार्जिङ स्टेसन सञ्चालनमा ल्याएको छ।

सिप्रदी प्रालिले ३६, सीजी मोटर्सले २० र त्रिवेणी ग्रुपले १७ वटा स्टेसन सञ्चालनमा ल्याएका छन्। भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको प्रतिवेदनअनुसार अधिकांश निजी बिक्रेताहरुले स्थापना गरेका स्टेसनहरु उनीहरुले बिक्री गरेका निश्चित ब्रान्डका सवारीसाधनका लागि मात्र उपयुक्त वा उपलब्ध हुने गरेका छन्।

'यसले गर्दा पूर्वाधार त बनेका छन्, तर त्यसको सामूहिक वा सार्वजनिक उपयोग हुन सकेको छैन, जसका कारण अपेक्षित प्रतिफल प्राप्त हुन सकेको छैन,' सरकारी प्रतिवेदनले औंल्याएको छ। नेपालमा आयात हुने विद्युतीय सवारीसाधनहरु मुख्यतया दुई फरक भौगोलिक क्षेत्रबाट आउँछन्, भारत र चीन। यी दुई क्षेत्रका सवारीसाधनमा प्रयोग हुने चार्जिङ पोर्टका मापदण्ड पनि फरक छन्। भारत र युरोपेली मुलुकबाट आयातित सवारीका लागि सीसीएस टु प्रविधि भएको चार्जर उपयुक्त मानिन्छ भने चीनबाट आयात हुने सवारीमा जीबी टी प्रविधि भएको चार्जर प्रयोग भइरहेको प्रतिवेदनले औंल्याएको छ। एउटै स्टेसनमा दुवै प्रकारका चार्जर नहुँदा एउटा कम्पनीको गाडी अर्को कम्पनीको स्टेसनमा चार्ज गर्न नमिल्ने समस्या अत्यधिक देखिएको छ। यसले गर्दा चार्जिङ पूर्वाधारमा दोहोरो लगानी भएको छ भने अर्कोतर्फ उपभोक्ताले सहजरुपमा सुबिधासमेत पाउन नसकेको प्रतिवेदनले औंल्याएको छ।

विद्युतीय सवारीको प्रवर्द्धनका लागि सरकारले निजी–सार्वजनिक साझेदारी (पीपीपी) मोडललाई अगाडि बढाउनुपर्ने आवश्यकता रहेको कार्यदलको भनाइ छ। ठूलो संख्यामा स्मार्ट चार्जिङ नेटवर्क निर्माण गर्न राज्य एक्लैको लगानी सम्भव नभएकाले निजीक्षेत्रलाई प्रोत्साहन गर्नुपर्ने आवश्यकता प्रतिवेदनले औंल्याएको छ। यसका लागि चार्जिङ स्टेसन स्थापना गर्ने उद्यमीहरुका लागि सहुलियतपूर्ण ऋणको व्यवस्था गर्नुपर्ने र कुन स्टेसन खाली छ र कहाँ छ भन्ने जानकारी दिने विषयमा डिजिटल प्लेटफर्म एकीकृत मोबाइल एपको विकास गर्नुपर्ने प्रतिवेदनको सुझाव छ।

अर्को मुख्य समस्या नीतिगत् तहमा छ। नेपालको संघीय संरचनाअनुसार प्रदेशहरुको अधिकार क्षेत्रभित्र रहेको सवारी करको दर प्रदेशपिच्छे फरक छ। यसले गर्दा उपभोक्ताहरुमा अन्यौल सिर्जना भएको छ। देशभर सवारी करमा एकरुपता कायम गर्न सकिएको अवस्थामा उपभोक्ताहरु विद्युतीय सवारीतर्फ अझ बढी आकर्षित हुनसक्ने कार्यदलको निष्कर्ष छ। विद्युतीय सवारीलाई धनी वर्गको विलासिताको साधनमा मात्र सीमित नराखी सार्वजनिक यातायातका रुपमा प्रयोगमा ल्याउनु आवश्यक रहेको कार्यदलको भनाइ छ। देशको आर्थिक सुधारमा योगदान पुऱ्याउन ग्रामीण क्षेत्रका मध्यमवर्गीय जनतासम्म विद्युतीय सवारीको पहुँच पुऱ्याउनुपर्छ। यसका लागि राजमार्ग र गाउँमा चार्जिङ स्टेसनको सञ्जाल फैलाउनुको विकल्प नभएको प्रतिवेदनले सुझाव दिएको छ।

यात्राको क्रममा प्रमुख चुनौतीहरुमध्ये लोडसेडिङको पूर्ण अन्त्य र विद्युत् आपूर्तिको गुणस्तर पनि हो। विद्युतीय सवारीका लागि उच्च भोल्टेजको स्थिर विद्युत् आवश्यक पर्ने हुनाले वितरण प्रणालीमा सुधार गर्नुपर्ने चुनौती प्राधिकरणसामु रहेको कार्यदलले प्रतिवेदनमा उल्लेख गरेको छ।

# भन्सार कडाइले सीमावर्ती व्यापारको ढाँचा परिवर्तन



झापा/वर्षैभरि प्राय: सुनसान रहने देशकै पुरानो सहर भद्रपुर बजारमा यतिबेला भने चहलपहल बढ्न थालेको छ। नेपाल सरकारले सीमावर्ती भन्सार नाकामा कडाइ गरेसँगै स्थानीय बजारमा व्यापारिक सम्भावना देखिन थालेपछि यहाँका नेपाली व्यवसायी खुशी भएका छन्। लामो समयदेखि भारतीय बजारमा निर्भर रहेका उपभोक्ता र व्यापारीहरु क्रमश: स्वदेशी बजारतर्फ फर्किन थालेपछि भद्रपुरको व्यापारमा सकारात्मक संकेत देखिएको छ। भारततर्फबाट नेपाल ल्याउँदा सय रुपियाँभन्दा बढीका सामानमा भन्सार लाग्ने भएपछि नेपालतर्फबाट बजार चलायमान हुन थालेको स्थानीय बताउँछन्।

झापाको भद्रपुरआसपास स्थानीयका लागि भारतको विहार राज्यअन्तर्गत् पर्ने गलगलिया बजार प्रमुख किनमेल केन्द्रका रुपमा स्थापित थियो। दैनिक उपभोग्य सामग्रीदेखि लत्ताकपडा र अन्य सामान सस्तो मूल्यमा पाइने भएकाले नेपाली उपभोक्ताको आकर्षण त्यहीं केन्द्रित हुने गरेको थियो। तर, पछिल्लो समय भन्सार नाकामा कडाइ गरिएपछि त्यसको प्रत्यक्ष प्रभाव सीमावर्ती बजारको व्यापारिक गतिविधिमा परेको देखिन्छ।

भद्रपुर–६ स्थित रवि वस्त्रालयका सञ्चालक रवि गुप्ताका अनुसार केही समयअघिसम्म व्यापार अत्यन्त सुस्त अवस्थामा पुगेको थियो। उनले भने–व्यापार छाडेर अन्य विकल्प खोज्नुपर्ने अवस्था आउँदै थियो। तर, पछिल्ला केही दिनको व्यापारले फेरि आशा जगाएको छ। उनका अनुसार हालको व्यापार विगतको तुलनामा ३० देखि ४० प्रतिशत् वृद्धि भएको छ। यही अवस्था कायम रहिरहेमा व्यापार शतप्रतिशत् सम्म बढ्नेमा उनी विश्वस्त देखिन्छन्।

भद्रपुरका पुराना पत्रकार देवेन्द्रकिशोर ढुंगानाले भद्रपुरको ऐतिहासिक व्यापारिक महत्वबारे स्मरण गर्दै विगतमा उक्त क्षेत्र निकै चर्चित रहेको बताउँछन्। उनले भने–२०३४ सालसम्म भद्रपुरमै झापाको प्रमुख भन्सार कार्यालय थियो। तर, पछि त्यो काँकडभिट्टामा स्थानान्तरण भएपछि भद्रपुरको व्यापारिक चहलपहल क्रमश: घट्दै गयो। उनका अनुसार हालको भन्सार कडाइले तत्काल विगतजस्तो रौनक फर्काउन नसके पनि व्यापारमा केही सकारात्मक प्रभाव भने अवश्य पार्नेछ।

*गलगलिया क्षेत्रमा घट्यो व्यापारमा*

सीमापारिको अवस्थाले पनि यस परिवर्तनलाई पुष्टि गर्छ। भारतको गलगलिया क्षेत्रमा किराना पसल सञ्चालन गर्दै आएका प्रदीप घोषका अनुसार नेपाली ग्राहक घटेपछि व्यापारमा ठूलो गिरावट आएको छ। 'हाम्रा मुख्य ग्राहक नेपाली नै थिए। उनीहरु आउन छाडेपछि व्यापार ६० देखि ७० प्रतिशत् घटेको छ,' उनले भने।

यही अवस्था लामो समयसम्म रहिरहे अन्य विकल्प खोज्नुपर्ने बाध्यता आउन सक्ने उनको भनाइ छ। तर, सबै व्यापारीको अनुभव भने समान छैन। गलगलियामै सेवारो कपडा पसल सञ्चालन गर्दै आएका नेपाली मूलका व्यापारी नारायण लिम्बुले भने व्यापार पुन: सामान्य अवस्थामा फर्किन थालेको बताए। 'केही दिन फरक परे पनि हाल ग्राहक फेरि आउन थालेका छन्,' उनले भने–घरायसी प्रयोजनका लागि सानो परिमाणमा सामान ल्याउन दिइएकाले व्यापार पहिलेको जस्तै हुन थालेको छ। गलगलियाबाट केही पर फुटवेयर व्यवसाय सञ्चालन गर्दै आएका राजन चौधरीले भने भारतीय ग्राहककै भरमा व्यापार टिकाइराख्नुपरेको बताउँछन्।

भन्सार कडाइको प्रभाव आवतजावतमा पनि देखिएको छ। भद्रपुर भन्सार कार्यालयका सूचना अधिकारी प्रेमबहादुर लामाका अनुसार सीमामा आवागमन घट्दा राजस्व संकलनमा प्रत्यक्ष असर परेको छ। उनले भने–मानिसहरुको आवागमन कम भएपछि भन्सारबाट हुने राजस्वमा पनि कमी आउँछ।

सुरक्षा निकायले पनि सीमामा निगरानी बढाएको छ। सशस्त्र प्रहरी बल नेपाल–२ गण हेडक्वार्टर झापाका सशस्त्र प्रहरी नायब उपरीक्षक शंकर शाहका अनुसार घरायसी प्रयोजनका लागि ल्याइने सामानमा केही सहुलियत दिइए पनि स्क्रिनिङ गरेरमात्र भित्रिन दिइन्छ। भद्रपुर भन्सार कार्यालयको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८२/०८३ को बैशाख १९ सम्ममा १३ करोड ४३ लाख ७९ हजार राजस्व संकलन भएको छ। उक्त नाकाबाट कपडा, हार्डवेयर, खाद्यान्न, विद्युतीय सामग्रीलगायत वस्तु आयात हुने गरेको छ।

समग्रमा, भन्सार कडाइले सीमावर्ती व्यापारको ढाँचामा परिवर्तन ल्याएको देखिन्छ। एकातर्फ नेपाली बजारमा चहलपहल बढेको छ भने अर्कोतर्फ भारतीय बजारमा यसको प्रत्यक्ष असर परेको छ। यद्यपि, यो अवस्था दीर्घकालीन रुपमा कस्तो रहने भन्ने विषय अझै अनिश्चित छ।

# सुकुम्बासी बस्ती खाली गराउन के विधि अवलम्बन गरियो ?

काठमाडौं/सर्वोच्च अदालतले सुकुम्बासी बस्ती खाली गराउन अवलम्बन गरेको विधि, प्रक्रियाका विषयमा निर्णयसहित कागजात झिकाउन आदेश दिएको छ। न्यायाधीश सुनीलकुमार पोखरेलको एकल इजलासले सोमबार पाँच बुँदामा सुकुम्बासी बस्ती खाली गराउन गरेको निर्णयसहित कागजात झिकाउने आदेश गरेको हो।

नेपाल सरकार मन्त्रिपरिषद्बाट निर्णय भइ लागु गरिएको शासकीय सुधारसम्बन्धि सय बुँदे दस्तावेजको बुँदा–९१ मा उल्लेख भएबमोजिम तथा नेपालको संविधान, आवासको हकसम्बन्धि ऐन, २०७५, अदालतको आदेशमा जारी निर्देशनअन्तर्गत् अवलम्बन गर्नुपर्ने बाध्यात्मक विधि, प्रक्रियाहरु केकसरी अवलम्बन गरिएको हो, सोसम्बन्धि निर्णयसहित कागजातहरु आदेशमार्फत् माग गरिएको हो।

अदालतले खाली गराइएको बस्तीबाट हटाइएका–बहिर्गमन भएका परिवारहरुको पुनर्बास–दैनिक खानपिन–ज्येष्ठ नागरिक, बिरामी, अपांगता भएका व्यक्तिहरुको औषधोपचार–सरसफाइ एवम् बालबालिकाको शिक्षासम्बन्धि वैकल्पिक व्यवस्थालगायत न्यूनतम् मानवअधिकारको अवस्था केकस्तो रहेको छ, सोसम्बन्धमा गरिएको प्रबन्धको वस्तुपरक विवरण पनि माग गरेको छ।

माजिद अन्सा रीसमेतले नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसमेत विपक्षी राखी दायर गरेको रिट निवेदनमा अदालतले दुवै पक्षको छलफलका लागि पनि बैशाख २३ गतेका लागि बोलाएको छ। आधार र कारणसहित बाटोको म्यादबाहेक सूचना म्याद पाएका मितिले १५ दिनभित्र महान्यायाधिवक्ताको कार्यालयमार्फत् लिखित जवाफ पेस गर्न भनिएको छ।

# धर्मशाला पशुपति क्षेत्र विकास कोषअन्तर्गत् नै

काठमाडौं/गौशाला धर्मशाला पशुपति क्षेत्र विकास कोषअन्तर्गत् रहने काठमाडौं जिल्ला अदालतकै फैसलालाई उच्च अदालत पाटनले पनि सदर गरेको छ। फैसलासँगै मारवाडी सेवा समितिले व्यापार/व्यवसाय सञ्चालन गरिरहेको गौशाला धर्मशालाका जग्गा खाली गर्नुपर्ने भएको छ।

करिब २५ वर्षदेखि समितिको कब्जामा रहेको साविक पशुपति पञ्चायत वडा–२ को कित्ता नम्बर–८३ को चार रोपनी १५ आना दुई दाम र कित्ता नम्बर–८५ को चार रोपनी १० आना जग्गामा समितिको मोही हक नलाग्ने ठहर जिल्ला अदालत काठमाडौंले गरेको थियो। यसलाई उच्च अदालत पाटनले सदर गरेको अदालतका सूचना अधिकारी गोबिन्दप्रसाद कोइरालाले जानकारी दिए। फैसलासँगै पशुपति गौशाला धर्मशालाको सबै स्वामित्व कोषमै फिर्ता भएको छ। उच्च अदालत पाटनका न्यायाधीशद्वय खड्गबहादुर केसी र रमेशप्रसाद ज्ञवालीको इजलासले सोमबार फैसला गर्दै काठमाडौं जिल्ला अदालतको पशुपति क्षेत्र विकास कोष स्वामित्वको पशुपति गौशाला धर्मशालाको सम्पूर्ण जग्गाजमिनमा समितिको मोहियानी हक नलाग्ने फैसला गरेको हो।

काठमाडौं जिल्ला अदालतको फैसलापछि समितिले कोष, कोषका तत्कालीन सदस्यसचिव डा. मिलनकुमार थापासहित १२ जनालाई विपक्षी बनाएर २०८१ मंसिर २१ गते उच्च अदालत पाटनमा मुद्दादायर गरेको थियो। काठमाडौं जिल्ला अदालतका तत्कालीन न्यायाधीश कमलप्रसाद पोखरेलको इजसालले २०८१ असोज १६ गते गरेको फैसलाको पूर्णपाठमा धर्मशालाको जग्गामा आफ्नो मोही हक रहेको दाबी गरे पनि उक्त जग्गामा समिति मोही रहेको तथ्य अस्वीकार गरिएको भनिएको छ। फैसलामा साविक समयदेखि पशुपति गौशाला धर्मशाला नामक कुनै पनि संस्था अस्तित्वमा रहेको नदेखिने र उक्त तथ्यलाई मारवाडी समितिले २०६० जेठ १२ गते पशुपति अमालकोट कचहरीसँग सम्झौता गर्दा स्वीकार गरेको देखिने प्रष्ट पारिएको छ।

कोषका पूर्वसदस्यसचिव थापाले एक दशकको न्यायिक संघर्षपछि न्यायालयबाट पशुपतिनाथको सम्पत्ति फिर्ता भएको बताए। अब उक्त जग्गा धार्मिक र सामाजिक कार्यका लागि सरकारी निकायसँगै समन्वय गरेर गैरनाफामूलकढंगले सञ्चालन गर्न सकिने उनको भनाइ छ। 'कोष सञ्चालक परिषद्को २०८१ असोज २० गतेको निर्णय र असोज २२ गते कोष र काठमाडौं महानगरपालिकाबीच भएको सहमतिअनुसार पशुपति गौशाला धर्मशाला सञ्चालक तथा व्यवस्थापन प्रक्रिया अघि बढाएर भगवान् पशुपतिनाथ मन्दिर दर्शन गर्न आउने भक्तजनलाई सेवा दिन सकिन्छ,' थापाले भने।

वर्तमान प्रधानमन्त्री एवम् काठमाडौं महानगरका तत्कालीन प्रमुख वालेन्द्र शाह र पूर्वसदस्य सचिव थापाको समन्वयमा कोष र काठमाडौं महानगरबीच पशुपति गौशाला धर्मशालालाई सामाजिक एवम् धार्मिक कार्यका लागि गैर नाफामूलकढंगबाट सञ्चालन गर्ने सहमति भएको थियो। 'वर्तमान प्रधानमन्त्रीले महानगर प्रमुख हुँदा नै पशुपतिनाथको सम्पत्ति फिर्ता गरेर राज्यकै निकायले सञ्चालन गर्ने कार्यमा अग्रसरता लिनुभएको थियो। सरकारले तत्काल धर्मशाला खाली गराएर उक्त सहमति कार्यान्वयन गर्दा उपयुक्त हुन्छ,' थापाले भने।

अधिवक्ता कृष्णामुरारी पुडासैनीले काठमाडौं जिल्ला अदालतको फैसलालाई उच्च अदालत पाटनले सदर गरेपछि र मारवाडी सेवा समिति पुनरावेदनमा जान नपाउने बताए। पुडासैनीका अनुसार दुवै तहको न्यायालयबाट पशुपति क्षेत्र विकास कोषको पक्षमा फैसला भएपछि समितिले दोहोऱ्याइ पाउँ भनेर निवेदन गर्न पाउने छैन। 'उच्च अदालतको फैसला आइसकेपछि धर्मशाला खाली गर्ने प्रक्रिया अघि बढाउन सकिन्छ,' पुडासैनीले भने।

*के छ फैसलामा ?*

काठमाडौं जिल्ला अदालतको फैसलामा 'जग्गा श्री पशुपति अमालकोट कचहरीमा दर्ता भएका गुठीको जग्गा भन्ने तथ्यमा विवाद नदेखिए पनि श्री पशुपतिनाथ अमालकोट कचहरीबाट मोही दर्ता भइ मोहीदर्ताको प्रमाण पुर्जा प्राप्त गरेको भनी सोको छायाप्रति पेस गरी सो दर्ता अभिलेखमा दाबीको जग्गाको मोही महलमा श्री पशुपति गौशाला धर्मशाला रहेको तथ्यलाई मुख्य आधार लिएको देखियो' भनिएको छ।

जिल्ला अदालतले समितिबाट पेस भएको कुनै पनि निर्णय अभिलेखका प्रमाणबाट उनीहरुको दाबीको जग्गामा मारवाडी सेवा समितिको मोही हक रहेको तथ्य प्रमाण पेस हुन नसकेको फैसलामा उल्लेख छ। अदालतले धर्मशालामा निर्माण भएका घरजग्गालगायत भौतिक संरचनामाथि पशुपति अमालकोट कचहरीको पूर्ण स्वामित्वलाई मारवाडी सेवा समितिले स्वीकार गरेको तथ्यलाई पुष्टि गरेको देखिएको फैसला गरेको छ। सोही फैसलालाई उच्च अदालत पाटनले सदर गरिदिएको हो।

*धर्मशालाको इतिहास*

१९९९ जेठ ५ गतेको पुर्जीले पशुपतिमा छोडिएका दूध कट्टुवा नदी (साँढे) को संरक्षणका लागि जुनेलो घाँस लगाउन हरिनारायण भनिने रामकुमार मारवाडीलाई एक रोपनी दुई आना जग्गा उपलब्ध गराएको दस्तावेजमा उल्लेख छ।

# एक वर्षभित्र 'सीएमसी हेटौंडा' पनि

हेटौंडा/चितवन मेडिकल कलेजले मकवानपुरको हेटौंडामा नयाँ अस्पताल निर्माण गर्ने भएको छ। हेटौंडा उपमहानगरपालिका वडा–४ मा बन्ने नयाँ अस्पताल भवनको शिलान्यास गरिएको छ। 'सीएमसी हेटौंडा' नाम दिइएको अस्पताल करिब २ अर्ब लगानीमा एक वर्षभित्र बन्ने अध्यक्ष तथा प्रबन्ध निर्देशक प्रताप देबकोटाले जानकारी दिए। उनका अनुसार १९ कठ्ठा जग्गामा बन्ने अस्पताल एक सय शैय्याको हुनेछ।

राजमार्गसँगै जोडिएको अस्पतालमा आकस्मिक कक्ष, सिटी स्क्यान, आइसीयु, एनआईसीयु, पीआईसीयु, मोडुलर ओटी, क्याथ ल्याबसहित सुपरस्पेसलिष्ट सेवा सञ्चालन गरिने अध्यक्ष देबकोटाले जानकारी दिए। हेटौंडा, बागमती प्रदेशको राजधानी भएको तथा मकवानपुर, बारा, पर्सा, रौतहट, सर्लाही, सिरहालगायत मधेश प्रदेशका बिरामीहरुलाई उपचार सेवाका लागि सहजता होस् भन्ने उद्धेश्यले सीएमसी हेटौंडा अस्पताल सञ्चालन गर्न लागिएको देबकोटाको भनाइ छ।

'त्यस भेगका बिरामीहरु उपचारका लागि चितवन वा काठमाडौं जानुपर्ने बाध्यतालाई कम गर्दै आफ्नो नजिक र पायक पर्ने ठाउँबाट नै उपचार सेवा गराउने उद्धेश्यले चितवन मेडिकल कलेजको पहिलो शाखाका रुपमा अस्पताललाई सञ्चालन गर्न लागेका हौं,' अध्यक्ष तथा प्रबन्ध निर्देशक देबकोटाले भने–चितवन मेडिकल कलेजलाई केन्द्रमा राखेर यस वरपरका जिल्ला वा क्षेत्रमा स्याटेलाइट अस्पतालहरु खोल्ने जाने नीति लिएका छौं। उनले अस्पताल सञ्चालन भएसँगै स्वास्थ्यकर्मी तथा तीसँग सम्बन्धित क्षेत्रमा रोजगारीसमेत सिर्जना हुने र व्यावसायिक पाटो पनि राम्रो हुने बताए। सीएसमीले हेटौंडामा २०८० माघ २ गतेदेखि 'सीएमसी चुरेहिल' अस्पताल सञ्चालन गरिरहेको छ।

# बेसबल च्याम्पियनसिप उपाधि बागमती प्रदेशलाई



काठमाडौं/राजधानीमा सम्पन्न दोस्रो राष्ट्रिय बेसबल फाइभ च्याम्पियनसिपको उपाधि बागमती प्रदेशले हात पारेको छ। रोमाञ्चक फाइनल भिडन्तमा सुदूरपश्चिम प्रदेशलाई १४–८ को स्कोरले पराजित गर्दै बागमतीले स्वर्ण पदकमाथि कब्जा जमाएको हो।

प्रतियोगितामा लुम्बिनी प्रदेशले तेस्रो स्थान हासिल गऱ्यो। विजेता बागमती प्रदेशले नगद ३० हजारसहित ट्रफी प्राप्त गर्दा उपविजेता सुदूरपश्चिमले २० हजार र तेस्रो हुने लुम्बिनीले १० हजार पुरस्कार पाए। चौथो स्थानमा चित्त बुझाएको कोशी प्रदेशले १० हजार सान्त्वना पुरस्कार प्राप्त गऱ्यो। उक्त सान्त्वना पुरस्कार संघ सदस्य सुनिता थापाले व्यक्तिगत्रुपमा प्रायोजन गरेकी थिइन्। बागमती प्रदेशका दिपेश माझी प्रतियोगिताका उत्कृष्ट खेलाडी घोषित भए। उनले प्रतियोगिताभर उत्कृष्ट प्रदर्शन गर्दै टोलीलाई जिताउन महत्वपूर्ण भूमिका खेलेका थिए। आयोजक कमिटीका संयोजक तथा नेपाल बेसबल तथा सफ्टबल संघ उपाध्यक्ष सुरेन्द्र थपलियाका अनुसार प्रतियोगितामा सात प्रदेश र एक विश्वविद्यालय गरी कुल ८ टोलीको सहभागिता थियो।

विजेता टोली तथा खेलाडीहरुलाई प्रमुख अतिथि नेपाल ओलम्पिक कमिटी अध्यक्ष राजीव श्रेष्ठले पुरस्कार प्रदान गरे।

पुरस्कार वितरण समारोहमा नेपाल ओलम्पिक कमिटी सचिव तथा नेपाल बास्केटबल संघ अध्यक्ष भीमसिंह गुरुङ र बेसबल सफ्टबल संघ अध्यक्ष दीपक न्यौपानेलगायतको उपस्थिति थियो। खेलका दौरान शिक्षा तथा खेलकुद मन्त्रालयका सचिवालय प्रमुख निसन महर्जनलगायत विशिष्ट व्यक्तिहरुले खेलको अवलोकन गर्दै खेलाडीहरुको उत्साह बढाएका थिए।




आकर्षक जग्गा सस्तो मुल्यमा बिक्रीमा

उत्तर
रिंग रोड
गुम्बा
स्कुल
पश्चिम
पूर्व
०-६-५
चर्च
दक्षिण

आवास, संघ/संस्था तथा उद्योगको लागि उपयुक्त जग्गा तपाईको मुल्यमा पाउनु हुनेछ। स्थान: रातोमाटे भोर्ले।
सम्पर्क नं.: ९८४५०१८५८०, ९८४५०३१३४७

# बानियाँमाथि निष्पक्ष र न्यायोचित छानबिनको आग्रह



सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलको बैठकले मुख्यमन्त्री इन्द्रबहादुर बानियाँमाथि निष्पक्ष र न्यायोचितरुपमा छानबिन गर्न आग्रह गर्ने निर्णय गरेको छ । बागमती प्रदेश संसदीय दलका नेता तथा मुख्यमन्त्री बानियाँको सभाध्यक्षतामा प्रदेश सुशासन केन्द्र जावलाखेलमा बसेको प्रदेश संसदीय दलको बैठकले सम्पत्ति शुद्धीकरणाका विषयमा निष्पक्ष र न्यायोचित छानबिन गर्न आग्रह गर्ने निर्णय गरेको हो ।

बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८३/०८४ का लागि आयोजना छनौट गर्दा प्रदेशसभा सदस्यहरुको माग, भौगोलिकताको अवस्थालाई आधार बनाएर छनौट गर्ने निर्णय भएको प्रदेश संसदीय दलका सचिव मीनकृष्ण महर्जनले जानकारी दिए ।

नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलले मुख्यमन्त्री बानियाँमाथि भएको अनुसन्धानप्रति आपत्ति जनाउँदै निष्पक्ष छानबिनको माग गरेको छ । काठमाडौंमा सोमबार बसेको संसदीय दलको बैठकले सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागले संवैधानिक प्रक्रिया र पूर्वसूचनाबिना मुख्यमन्त्री बानियाँको निजी निवास तथा विगतमा आवद्ध कार्यालयहरुमा छापामार शैलीमा अनुसन्धान गरेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको हो । मुख्यमन्त्री बानियाँका प्रमुख राजनीतिक सल्लाहकार दामोदर खनालले दलको बैठकको निर्णय सार्वजनिक गर्दै कांग्रेस संसदीय दलले यस घटनालाई संवेदनशील विषयका रुपमा लिँदै आरोपहरुको छानबिन संविधान र कानुनी दायराभित्र रही निष्पक्ष तथा न्यायोचितरुपमा गर्न सम्बन्धित निकायलाई आग्रह गरेको जानकारी दिए ।

मुख्यमन्त्री बानियाँ संसदीय दलको बैठकमा सहभागी हुन काठमाडौं गएकै बेला उनको निजी निवास र कार्यालयमा सम्पत्ति शुद्धीकरण विभागले छापा मारेको थियो । हेटौंडा उपमहानगरपालिका–५, सानोपोखरास्थित बानियाँ निर्माण सेवा (बीएनएस), सोही कम्पनीसँगै रहेको निजी निवासमा छापा मारेर महत्वपूर्ण कागजात नियन्त्रणमा लिइएको छ । बानियाँको काठमाडौंमा रहेको घरमा समेत विभागले छापा मारेको थियो ।

नेपाली कांग्रेस बागमती प्रदेश सभापतिसमेत रहेका बानियाँ केही वर्षअघिसम्म निर्माण व्यवसायी कम्पनीमा आवद्ध थिए । तर, पछिल्लो समय भने उनको कम्पनी अरुले नै चलाउँदै आएको दाबी गर्दै आएका छन् ।

बैठकले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि आयोजना छनौट प्रक्रियालाई थप व्यवस्थित बनाउने निर्णय गरेको छ । प्रदेश सरकारले आयोजना छनौट गर्दा प्रदेशसभा सदस्यहरुको माग, क्षेत्रगत् सन्तुलन तथा भौगोलिक अवस्थालाई आधार बनाएर प्राथमिकता निर्धारण गरिने उल्लेख गरिएको छ । संसदीय दलको बैठकले प्रदेश सरकारको कार्यसम्पादनलाई प्रभावकारी बनाउन नीति तथा कार्यक्रम कार्यान्वयनमा थप समन्वय आवश्यक रहेको औंल्याएको छ ।

## चौघडाको कालीपोखरीमा सप्ताह ज्ञान महायज्ञ शुरु

सन्देश संवाददाता

हेटौडा/६ चौघडा कालीपोखरीमा मंगलवार देखि श्रीमद् भागवत सप्ताह ज्ञान महायज्ञमा शुरु भएको छ ।

नगरवासीहरुको सुख, शान्ति , समृद्धिको कामनाका साथ सप्ताह ज्ञान महायज्ञको आयोजना गरिएको आयोजक समितिले जनाएको छ ।

सपताह ज्ञान महायज्ञको बागमती प्रदेश सभा सदस्य माननीय एकालाल श्रेष्ठले उदघाटन गर्नु भएको थियो । धर्म र संस्कृतिको माध्यमबाट समाज र देशको विकास गर्न सकिनेमा जोड दिदै वहाले सबैको सामुहिक प्रयासबाट मात्रै समाजको विकास गर्न सकिनेमा वहाको जोड थियो । डोलेश्वर महादेव पाथीभरा महाकाली रक्तदन्तिका दिव्यशक्ती धाम समितिकी अध्यक्ष शोभा घिमिरेको अध्यक्षतामा भएको कार्यक्रममा हेटौडा- ६ का कावा अध्यक्ष विजय पौडेल, रानी सामुदायिक वनका अध्यक्ष केशव धिताल, नौलो बिहानी कृषि सहकारी अध्यक्ष विष्णुप्रसाद ढुङ्गाना, मानव सेवा आश्रमका केन्द्रीय संयोजक टीका तिमल्सिना, महिला जागरण समूह,हेटौडा- ६ की अध्यक्ष भगवती पौडेल, रानी सामुदायिक वनका सदस्य पूर्णभद्र चौलागाई, आयोजक समितिका उपाध्यक्ष तारानाथ खतिवडा, सञ्चारकर्मी , स्थानीय लगायतको सहभागीता थियो । सप्ताह ज्ञान महायज्ञ बैशाख ३० गतेसम्म सञ्चालन हुने आयोजक समितिले जनाएको छ ।

# सुकुम्बासीको बस्ती उठाउन नदिने प्रतिबद्धता

सन्देश संवाददाता



भरतपुर/चितवनका सात पालिकाका प्रमुखहरुले वैकल्पिक व्यवस्था नगरी भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा सार्वजनिक जग्गामा संरचना बनाएर बसेका जोकोही बासिन्दालाई उठिबास नलगाउने प्रतिबद्धता गरेका छन् । गृह मन्त्रालयले देशका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई पत्राचार गर्दै अतिक्रमित जग्गाको पहिचान गरी ती संरचनाहरु हटाउन निर्देशन गरे पनि चितवनका पालिका प्रमुखहरुले तत्काल अतिक्रमित संरचना हटाउने कुनै योजना नरहेको बताएका छन् ।

भरतपुर महानगरपालिका कार्यबाहक प्रमुख चित्रसेन अधिकारीले अतिक्रमित संरचना भत्काउन कुनै परिपत्र नआएको बताए । उनका अनुसार भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा सार्वजनिक जग्गामा बनेका संरचना हटाउने कुनै नीति र योजना महानगरको छैन । ‘महानगरमा केहीले निस्सा लिएर बसेको छन्, केहीले लालपुर्जासमेत पाइसकेका छन्,’ अधिकारीले भने–महानगरले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लागत संकलन कार्यलाई निरन्तरता दिइ–रहेको छ । उनका अनुसार भरतपुर महानगरपालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको संख्या ११ हजार छ, भूमिहीन दलित र भूमिहीन सुकुम्बासी ५ हजार २ सय घरधुरी छन् ।

महानगरमा मात्र होइन, चितवनमै धनीपुर्जा वितरण कार्यलाई तीव्र पारिएको छ । चालु आर्थिक वर्षमा मात्र जिल्लामा २ सय २६ भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गाधनी पुर्जा पाएको भूमि समस्या समाधान आयोग अध्यक्ष इमानसिंह मुक्तानले बताए । राप्ती, खैरहनी, रत्ननगर नगरपालिका र भरतपुर महानगर पालिकामा ती भूमिहीनलाई जग्गाधनी प्रमाण पुर्जा वितरण भइरहेको छ । आयोगले गत आर्थिक वर्षको बैशाखमा ३ सय ५ जना भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थितलाई पुर्जा वितरण गरेको थियो । रत्ननगर नगरपालिकाका प्रमुख प्रह्लाद सापकोटाले कुनै सुकुम्बासीलाई घर विहीन नबनाउने बताएका छन् । र त्ननगर नगरपालिका मेयर सापकोटाले कुनै पनि सुकुम्बासी परिवारलाई उठिबास नलगाउने प्रतिबद्धता व्यक्त गरेका छन् । सामाजिक सञ्जालमा स्टाटस लेख्दै मेयर सापकोटाले देशभर सुकुम्बासी व्यवस्थापनको विषय संवेदनशील बनेको बेला यहाँका वास्तविक घर बारविहीन नागरिकहरुको पीडा, संघर्ष र अधिकारलाई गम्भीरतापूर्वक बुझेको बताए ।

रत्ननगरका कतिपय परिवा–रहरुले निस्साको रुपमा पुर्जा प्राप्त गरिसकेको भन्दै उनले धेरैको प्रक्रिया अन्तिम चरणमा अगाडि बढिरहेको बेला घरबारविहीन नबनाउने उनको भनाइ छ । राप्ती नगर प्रमुख शमशेर लामाले ऐलानी जग्गामा बसेका सबैलाई ढुक्क भएर आफ्नो थातथलोमा बस्न आग्रह गरेका छन् । ‘नगरपालिकाले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरुको यथार्थ अवस्थालाई ध्यानमा राख्दै उनीहरुको व्यवस्थापन तथा स्थायी समाधानका लागि पहल गरेको छ । सबैलाई ढुक्क भएर बस्न अनुरोध गर्दछु,’ उनले जारी गरेको सूचनामा उल्लेख छ ।

कालिका नगरपालिका प्रमुख बिनोद रेग्मीले कुनै पनि अव्यवस्थित बसोबासी, भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई उठिबास लगाउने योजना नरहेको बताएका छन् । सुकुम्बासीलाई धनीपुर्जा वितरणमा नगरपालिका लागिरहेको उनको भनाइ छ ।

खैरहनी नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकाले पनि सुकुम्बासीलाई उठिबास लगाउने कुनै योजना नरहेको जनाएका छन् । संयुक्त सुकुम्बासी संघर्ष समिति चितवनले गणेशस्थानमा सकुम्बासी समस्या र निकास विषयक अन्तर्क्रिया गरेको छ । कार्यक्रममा विभिन्न राजनीतिक पार्टीका प्रतिनिधिहरुले भूमिहीन दलित तथा सुकुम्बासीको बस्ती उठाउन नदिने प्रतिबद्धता गरेका छन् ।

## कोसेली बन्दै कोदोको बिस्कुट



सन्देश संवाददाता

काठमाडौं/इलामको माईजोगमाई गाउँपालिकाले रैथाने बाली संरक्षण गर्न कोदोको पिठोबाट बिस्कुट बनाउने पालिकाबासीलाई अनुदान दिन थालेको छ । उपाध्यक्षसँग युवा यद्यमी कार्यक्रमअन्तर्गत् पालिकाबासीलाई अनुदान सुरु गरिएको हो ।

अनुदान पाएर हाल एक जना महिलाले गाउँपालिकाको नयाँबजारमा कोदो पिठोबाट बिस्कुट उत्पादन गर्न थालेकी छन् । नयाँबजारकी पार्वती भट्टराईले कोदोको पिठोबाट बिस्कुट उत्पादन सुरु गरेकी हुन् । ओभन मेसिनमा पकाएर कोदोको पिठोबाट बिस्कुट उत्पादन सुरु गरेको उनको भनाइ छ । उद्यमी भट्टराईले उद्योग नै सञ्चालन गरेर यसको उत्पादन सुरु गरेकी हुन् । भट्टराई कोदोको बिस्कुट तथा बेकरी उद्योग नाम दिएर उद्योग स्थापना गरेको उनले बताइन् ।

तयारी कोदो फल्ने, पिस्ने र मह वा चिनी एवम् केही मैदा मिसाएर गोलो आकारको बनाएर ओभन मेसिनमा पकाएपछि ड्रायरमा सुकाएर यसलाई तयार गर्ने गरिएको छ । उत्पादन सुरु भरेको भर्खरमात्र भएर हाल स्थानीय बजारका साथै घुम्न आउने पर्यटक र पाहुनाले कोसेलीका रुपमा बिस्कुट लैजाने गरेको उनको भनाइ छ । माईजोगमाई गाउँपालिकाद्वारा सञ्चालित उपाध्यक्षसँग युवा उद्यमी कार्यक्रमअन्तर्गत् अनुदानमार्फत् आफूले उद्योग स्थापना गरेको सञ्चालक भट्टराईको भनाइ छ । कोदोको परिकार शक्तिवर्द्धक मानिन्छ । यसमा मिसाइने गुलियो वा मह/चिनी, उखुको खुदोले अझ मिठोपन दिने गर्दछ । सँगै भट्टराईले पाउरोटीलगायत परिकारसमेत निर्माण गर्ने गरेकी छन् ।

## विद्यालय जान थाले आश्रमका ५२ बालबालिका

काठमाडौं/राधास्वामी सत्सङ व्यास आश्रममा रहेका बालबालिका मध्ये ५२ जना बालबालिका विद्यालय जान थालेका छन् । काठमाडौं महानगर पालिकाको शिक्षा विभागले सोमबार विद्यार्थी र अभिभावकसँग परामर्श गरेर उनीहरुको रुचि र आवश्यकता पहिचान गरेपछि वडा–१४ मा रहेको जनविकास माध्यमिक विद्यालयमा पठाउन लागिएको कामपा शिक्षा अधिकारी नमराज ढकालले बताए ।

नदीकिनारामा अव्यवस्थित बसोबास गरिरहेका घरटहरा खाली गराउने क्रममा थापाथली, गैरीगाउँ र सिनामंगलसहित विभिन्न स्थानबाट ल्याइएका ६६ परिवारका २ सय ३ जना आश्रममा छन् । उनीहरुमध्ये अपांगता भएका एक जनासहित ६२ पुरुष, तीन सुत्केरी, दुई गर्भवतीसहित ८० महिला, ३१ बालिका र ३० बालक छन् । यी परिवारमा रहेका बालबालिकामध्ये ५२ जना बालबालिका विद्यालय उमेरका छन् । चार जनाले यस वर्ष एसईई दिएका छन् । उनीहरु कम्प्युटर, सिलाइबुनाइ जस्ता सिप सिक्न चाहन्छन् । कामपाले उनीहरुले चाहेको सिपमूलक तालिमको प्रबन्ध गर्ने योजना बनाएको ढकालले जानकारी दिए ।

विद्यालय उमेरका विद्यार्थीमध्ये ३० जना छात्रछात्राका अभिभावकले आफ्ना नानीबाबुलाई छात्रावासमा राखेर पढाउने चाहना राखेको पनि ढकालले बताए । कामपा शिक्षा विभागका वरिष्ठ शाखा अधिकृत सुशील सुबेदीका अनुसार छात्रावास बस्न इच्छुकहरुमा ११ छात्रा र १९ छात्र छन् । सुबेदीका अनुसार विद्यार्थीलाई आवश्यक पर्ने पोशाक तथा शैक्षिक सामग्रीसम्बन्धि आवश्यकतासमेत माग गरिएको छ । छात्रावासमा राखेर आवास सुबिधासहित अध्ययनका लागि प्याब्सन, एनप्याब्सन र हिसानमार्फत् कामपाले अनुरोधसमेत गरिसकेको छ । कामपाका निर्देशक वसन्त आचार्यले भने–१० वर्ष उमेर भएका बालबालिकालाई मात्र छात्रावासमा राख्न उपयुक्त हुने सुझाव प्राप्त भएपछि हामीले त्यहीअनुरुप व्यवस्थापनको प्रयास गरिरहेका छौं । संस्थागत् विद्यालयबाट खबर प्राप्त भएपछि हामी इच्छुक र योग्य बालबालिकालाई छात्रावास पठाउँछौं । कामपाकी कार्यबाहक प्रमुख सुनिता डंगोलले आइतबार प्याब्सन र एनप्याब्सनका पदाधिकारीसँग बसेर होल्डिङ सेन्टरमा रहेका बालबालिकाका लागि संस्थागत् विद्यालयमा आवास सुबिधासहित निःशुल्क अध्ययनको व्यवस्था मिलाउन आग्रह गरेकी थिइन् ।

## नाफामा उच्च सुधार

# बैंकहरुले कमाए ४९ अर्ब २१ करोड

सन्देश संवाददाता

काठमाडौं/चालु आर्थिक वर्ष २०८२/०८३ को तेस्रो त्रैमासिक वित्तीय विवरणले बैंकहरुको नाफामा उच्च सुधार भएको देखाएको छ । सञ्चालनमा रहेका २० वटा वाणिज्य बैंकले यस अवधिमा कुल ४९ अर्ब २१ करोड खुद मुनाफा गरेका छन् । गत आवको चैत मसान्तसम्म ४१ अर्ब २५ करोड नाफा कमाएका बैंकहरुले चालु आवको सोही अवधिसम्ममा १९.३० प्रतिशत् नाफा बढाएका हुन् ।

रकमका आधारमा सबभन्दा धेरै नाफा कमाउने बैंक नबिल बनेको छ । नबिलले ६ अर्ब ७६ करोड खुद नाफा कमाएको छ । गत आवको तेस्रो त्रैमासको तुलनामा नबिलको नाफा ३३.९२ प्रतिशत् बढेको हो । नबिलपछि धेरै नाफा कमाउनेमा ग्लोबल आईएमई बैंक छ । ग्लोबलले तेस्रो त्रैमाससम्ममा ४ अर्ब ४० करोड ९२ लाख नाफा कमाएको छ । ग्लोबलको नाफा गत आवको चैतसम्मको तुलनामा २.९३ प्रतिशत् घटेको छ ।

कुमारी बैंकले चालु आवको चैतसम्ममा ४ अर्ब १७ करोड नाफा कमाएको छ । गत आवको तेस्रो त्रैमासमा २८ करोड ५८ लाखमात्र कमाएको थियो । सार्वजनिक वित्तीय विवरणअनुसार चालु आवको चैतसम्ममा एनआईसी एसिया बैंकको नाफा सबभन्दा कम देखिएको छ । उक्त बैंकले चैतसम्ममा १४ करोड ३ लाखमात्र नाफा कमाएको छ, जुन गत आवको सोही अवधिको तुलनामा १०.४९ प्रतिशत् घटेको हो ।

हिमालयन बैंकले २०८२ चैतसम्ममा ७६ करोड २५ लाख नाफा कमाएको छ । गत आवको तेस्रो त्रैमासको तुलनामा बैंकको नाफा ५२.४९ प्रतिशत् बढेको हो । प्रभु बैंकले ८५ करोड १५ लाख नाफा कमाएको छ । बैंकको नाफा ५४.६१ प्रतिशत् घटेको हो । गत आवको तुलनामा चालु आवको तेस्रो त्रैमासमा नाफा बढाउनेमा कुमारी बैंक अगाडि छ । राष्ट्रिय वाणिज्य बैंकको नाफा १२९.३४ प्रतिशत् बढेर २ अर्ब ७६ करोड पुगेको छ । माछापुच्छ्रे बैंकको नाफा ५०.४३ प्रतिशत् बढेर १ अर्ब ६५ करोड ८७ लाख पुग्दा सानिमा बैंकको नाफा ४२.२२ प्रतिशत् बढेर २ अर्ब ३५ करोड पुगेको छ ।

प्राइम कमर्सियल बैंकको नाफा ३८.५८ प्रतिशत् बढेर ३ अर्ब ८ करोड ९३ लाख पुग्दा सबभन्दा धेरै नाफा कमाउने नबिलको नाफा ३३.९२ प्रतिशत् बढेको छ । लक्ष्मी सनराइज बैंकको नाफा २३.३६ प्रतिशत् बढेर २ अर्ब ३ करोड ८२ लाख पुगेको छ । सिटिजन्स बैंकको नाफामा पनि उल्लेख्य सुधार देखिएको छ । उक्त बैंकको नाफा ३५.८२ प्रतिशत् बढेर १ अर्ब ३० करोड ६५ लाख पुगेको छ । नेपाल एसबीआई बैंकको नाफा २१.४९ प्रतिशत् बढेर १ अर्ब ४६ करोड १८ लाख पुगेको छ भने सिद्धार्थ बैंकको नाफा २०.७८ प्रतिशत् बढेर २ अर्ब १ करोड ४९ लाख पुगेको छ । एनएमबी बैंकको नाफा १३.२५ प्रतिशत् बढेर २ अर्ब ६८ करोड ७८ लाख पुगेको छ । नेपाल बैंकको नाफा ०.३४ प्रतिशत् सामान्य वृद्धिसहित २ अर्ब ७९ करोड ३० लाख पुगेको छ ।

वाणिज्य बैंकहरुको समग्रमा नाफा बढे पनि ७ वटा बैंकको नाफामा भने गिरावट आएको छ । सबभन्दा धेरै नाफा घट्नेमा प्रभु बैंक छ । प्रभु बैंकको नाफा ५४.६१ प्रतिशत् घटेको छ । नेपाल इन्भेष्टमेण्ट मेगा बैंकको ३०.६९ प्रतिशत् घटेर ३ अर्ब १४ करोड ६८ लाखमा झरेको छ । कृषि विकास बैंकको नाफा २४.४२ प्रतिशत् घटेर १ अर्ब ३९ करोडमा झरेको छ । एनआईसी एसिया, स्ट्याण्डर्ड चार्टर्ड, एभरेष्ट र ग्लोबल आईएमई बैंकको नाफामा पनि केही गिरावट आएको छ । नियामकीय सहजताका कारण बैंकहरुलाई नाफा बढाउन सहज भएको हो । यद्यपि, वित्तीय प्रणालीमा भने दबाब कायम छ । प्रायः बैंकहरु अधिक तरलताको अवस्थामा देखिएका छन् ।

एभरेष्ट बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुदेश खालिङ राष्ट्र बैंकको सहुलियतले बैंकहरुको वासलात राम्रो देखिएको बताउँछन् । तर, उत्साहित हुने अवस्था नरहेको उनको भनाइ छ । अझै वास्तविक असुलीमा सुधार हुन बाँकी रहेको उनले बताए । बैंकहरुमा डिजिटल कारोबारको बढ्दो प्रभाव, रेमिटेन्स आप्रवाहमा वृद्धिजस्ता कारण फि तथा कमिसन आम्दानी बढ्न सहज भएको छ । कतिपय ठूला परियोजना तथा ठूला कर्जाका कारण पनि कमिसन आम्दानी बढेको बैंकरहरु बताउँछन् ।

बैंकहरुको निष्क्रिय कर्जामा पनि वृद्धि भएको छ । तर, कर्जा असुलीमा पनि सुधार भएको देखिन्छ । बैंकरहरु हालको वित्तीय विवरण सन्तोषजनक भए पनि उत्साहित हुन भने अझै समय पर्खनुपर्ने बताउँछन् । असारको वित्तीय विवरणमा हालको भन्दा राम्रो अवस्था आउने अनुमान छ । वाणिज्य बैंकहरुको वितरणयोग्य नाफा ११ अर्ब ६३ करोड १४ लाख छ ।

**आकर्षक घडेरी बिक्रीमा**

हेटौंडा–२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनस्खण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ । ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला । आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ ।

**सम्पर्क नम्बर** : ९८४५१२३३६६

**ब्लु हेवन टेलर्स सरेको सूचना**

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं ।

सदाभै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं ।




Goverment of Bagamati Province
Ministry of Culture and Tourism
**Tourism Development Project**
Makwanpur, Nepal

**Invitation for Sealed Quotation**

*Date of RePublication : 2083/01/23*

1. Government of Bagmati Province, Ministry of Culture and Tourism, Tourism Development Project, Hetauda, Makwanpur, Nepal invites sealed quotation from eligible bidders for the following projects.
2. Eligible Bidders may obtain further information at Ministry of Culture and Tourism, Tourism Development Project, Hetauda, Makwanpur, Nepal and a complete set of Bidding Documents is available on office address, telephone:057-520286 and email address: tdpbagamati@gmail.com.
3. A complete set of Bidding Documents may be purchased and submit to the office Tourism Development Project, Hetauda, Bagmati Province by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate/tax clearance and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2083/01/29 12:00. Bidders, submitting their bid should deposit the cost of bidding document in the following account:
   - **Name of the Bank** : Rastriya Banijya Bank Ltd.
   - **Name of the Account** : Tourism Development Project, Hetauda, Bagmati Province
   - **Office Code no.** : 3250032143
   - **Office Account no.** : 1000200010000
   - **Rajaswa (revenue) Shirshak no.:** 14229
   - *Cash Deposit Account for Bid Security:*
   - **Account Name** : Province Treasury Controller Office
   - **Bank Name** : Rastriya Banijya Bank Ltd.
   - **Bank Address** : Hetauda,Makwanpur **Account Number:** 1300100202030000
4. **Bid Opening Date** : 2083-01-29 13:00.
5. **The name and identification of the contracts is as follows:**

| S.N0 | Contract No. | Name of Contract | Estimated Amount | Bid Security Amount | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1 | TDP/W/SQ/ RAM/082/83-2 | Construction of Lamsing Danda Buddha Statue at Ramechhap Municipality-6,Ramechhap | NRs. 15,62,973.70/-(Exclusive of Vat and Contingencies) | NRs. 45,000/- | NRs. 1,000 |

**Project Chief**

प्रकाशकः केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रितः सन्देश छापाखाना ।। कार्यालयः हेटौंडा-२ मानस चोक ।। फोनः ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादकः माधव न्यौपाने